# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक १६७ | काठमाडौं | शनिबार, २० असोज २०८० | Prabhab National Daily | Saturday, October 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# चाडपर्वमा हवाई टिकट पाउन सकस

- दसैंको मुखमा एयरलाइन्सको टिकट पाउन मुस्किल
- केही गन्तव्यको टिकट त महिनादिनअघि 'बुक्ड'



■ सिबी अधिकारी

**काठमाडौं–** बझाङका वसन्तराज जोशी दसैंको टिकटका लागि चिन्तित छन् । अनलाइन र प्रत्यक्ष रूपमा सम्पर्क गर्दा टिकट बुकिङ सकिएको जवाफले उनी निराश छन् । नजिकिएको दसैंमा गाउँघर पुगेर आफन्त र साथीभाइसँग रमाइलो गर्ने चाहना कसलाई पो नहोला र ! तर, दसैंको मुखमा एयरलाइन्सको टिकट पाउन मुस्किल छ ।

केही गन्तव्यको टिकट त महिनादिनअघि नै बुकिङ सकिएको छ । अहिले कतिपय सुगम गन्तव्यको हवाई टिकट पाउन पनि ग्राहकलाई मुस्किल छ । चाडपर्वमा यात्रुले महँगो भाडा तिरेर पनि हवाई टिकट पाउन सास्ती छ । गत वर्षको दसैंमा १७ हजार ६०० रूपैयाँ हवाई भाडा तिरेर काठमाडौंदेखि धनगढी हुँदै बझाङ पुगेका जोशीलाई यो वर्ष महँगोमै भए पनि टिकट लिएर घर पुग्ने सकस छ ।

'अघिल्लो वर्ष महँगो टिकट खरिद गरेर दसैंमा घर गइएको थियो, यो पटक त टिकट नै पाउन मुस्किल भइरहेको छ, दसैंको संघारमा अब झन् टिकट पाउन सास्ती हुन्छ,' जोशीले भने । महँगो टिकट भए पनि जहाज पाउनै कठिनाइ हुन्छ । दुर्गम रुटमा चल्ने थोरै संख्याका जहाजको कम उडान हुने हुनाले 'हब' विमानस्थलबाट दुर्गम भेगमा जानेलाई थप सास्ती बेहोर्नुपर्ने हुन्छ ।

धनगढीकी निशा पाण्डे यतिखेर दसैंको टिकट जोहोका लागि एयरलाइन्स धाइरहेकी छन् । अनलाइन बुकिङ सकिएको र सम्बन्धित एयरलाइन्सको टिकट काउन्टरमा पनि सिट नपाएर हैरानी खेप्नुपरेको पाण्डेले सुनाइन् । खोटाङकी दीपा राई दसैंमा घर जानका लागि हवाई टिकटको खोजीमा छिन् । 'जहाजको टिकट खोजिरहेको छु, अहिलेसम्म पाएको छैन, दसैंमा कसरी घर पुग्ने हो चिन्तित छु,' उनले भनिन् ।

दसैंमा आवतजावत गर्ने महत्त्वपूर्ण माध्यम भनेको सडक तथा हवाई यातायात नै हो । अझ प्रभावकारी यातायातका रूपमा हवाई सेवालाई लिइन्छ । दसैं आउन दुई साता बाँकी रहँदा अहिले अधिकांश गन्तव्यको टिकट बुकिङ भइसकेको छ । वायु सेवा सञ्चालक संघका प्रवक्ता योगराज कँडेल शर्माले दसैंका लागि धमाधम बुकिङ भइरहेको जानकारी दिए । अहिले धेरैजसो गन्तव्यको अनलाइन बुकिङ सकिएको उनले बताए ।

सामान्यतया दसैं आउन एक महिनाअघिदेखि नै हवाई टिकट खुलाइन्छ । अहिले अनलाइनबाट सहजरूपमा टिकट पाइने भएकाले अधिकांश हवाई गन्तव्यको टिकट बुकिङ भइसकेको एयरलाइन्सले जनाएका छन् । उनीहरूका अनुसार दसैंलाई लक्षित गरेर अहिले ८० प्रतिशत हाराहारी टिकट बुकिङ भइसकेको छ ।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले दसैंका लागि अहिले ८० प्रतिशतसम्म बुकिङ भइसकेको जानकारी दिए । 'दसैंलाई लक्षित गरेर केही 'सेक्टर' मा ८० प्रतिशत र कतिपय सेक्टरमा ७० प्रतिशत बुकिङ भइसकेको छ,' उनले भने, 'अब सहुलियत भाडा दरको टिकट पाउन मुस्किल छ, त्यसैले यात्रुले भटाभट टिकट लिनुपर्ने हुन्छ ।' *रासस*

# शिक्षा विधेयक संशोधनमा सांसदहरूको जोड



- पूर्ण तयारीविनै ल्याउँदा विधेयक विवादको भूमरीमा परेको सांसद रघुजी पन्तको दाबी
- शिक्षा विधेयकमा विद्यार्थीको विषय नै छुटेको जनमत पार्टीका अध्यक्ष सिके राउतको तर्क
- छलफल गरेरै आएको विधेयकमा आमनागरिकका कुरा बुझेर सदनबाटै अगाडि बढाउनुपर्ने कांग्रेस प्रमुख सचेतक रमेश लेखकको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले शिक्षा विधेयकमा आवश्यक संशोधन गरेर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । शुक्रबार प्रतिनिधिसभामा विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० मा सैद्धान्तिक छलफलका क्रममा सांसदहरूले संशोधनमा जोड दिएका हुन् ।

एमाले सांसद रघुजी पन्तले पूर्ण तयारीविनै विधेयक ल्याउँदा विवादको भूमरीमा परेको दाबी गरे । यद्यपि, सरकारले आन्दोलनकारीसँग गरेको सम्झौता संसद्लाई मान्य नहुनेसमेत उनको तर्क रह्यो । 'राम्रो होमवर्क गरेर ल्याउनुपर्छ विधेयक । बाहिर आन्दोलन गरेपछि विधेयकमा संशोधन हाल्ने हैन । यस्तो अप्ठेरोमा फसाउने काम सरकारले गर्‍यो,' पन्तले भने, 'सरकारले आन्दोलनकारीसँग गरेको सम्झौता यो संसद् मान्न बाध्य छैन ।' विधेयक तर्जुमामा सरोकारवालासँग पर्याप्त छलफल नगरी सदनमा विधेयक दर्ता गरिसकेपछि र शिक्षक र कर्मचारीले आन्दोलन सुरु गरेपछि सहमति हुनु प्रक्रियागत कमजोरी भएको उनको भनाइ थियो । 'यो विधेयक पूर्ण तयारी भएर आएन । पछि अनेक सम्झौता भयो । यो उल्टो काम भयो । संसद्बाट यो विधेयक फिर्ता हुनुपर्छ । संसद्लाई हेप्न पाइएन नि । यो गम्भीर गल्ती भएको छ । संघीयतासँग मेल नखाने कुरा राख्नुहुन्न । संविधानसँग पनि बाझिने अनि ठाउँ-ठाउँमा सम्झौता गर्दै जान भएन,' पन्तको जोड थियो ।

जनमत पार्टीका अध्यक्ष सिके राउतले विधेयक विद्यार्थीको पक्षमा नभएको बताए । बिहेको तयारी हुँदा बेहुला नपाएझैं विद्यार्थीका विषय नै विधेयकमा नभएको राउतको तर्क थियो । 'विद्यालय शिक्षा विधेयक कस्तो लाग्यो भने बिहेको तयारी छ । जन्ती छ तर बेहुलो नै भागिरहेको जस्तो । जसको लागि ल्याइएको त्यसलाई नै पर्याप्त सम्बोधन गरिएको देखिएन । शिक्षकहरूले तलब बढाउन आन्दोलन गरे । निजी विद्यालयको पनि माग पुरा भयो होला,' राउतले भने, 'तर गरिब विद्यार्थीको पक्षमा कसले बोलिदिने ? विद्यार्थीले कस्तो शिक्षा पाउने यसको सम्बोधन हुनुपर्छ ।'

पूर्वशिक्षामन्त्रीसमेत रहेका कांग्रेस सांसद अर्जुननरसिंह केसीले कुनै पनि देशका विकासका लागि स्वस्थ र शिक्षित जनशक्ति आवश्यक पर्ने भएकाले आत्मनिर्भर र सक्षम जनशक्ति उत्पादनलाई केन्द्रमा राखेर विधेयकलाई परिस्कृत गर्न सुझाव दिए । 'सरोकारवालासँग छलफल गरेर अघि बढ्नुपर्छ । रचनात्मक समाज सिर्जनाका लागि कतिमात्रमा योगदान दिएको छ । यसले शिक्षाको सफलता मापन हुन्छ,' केसीले भने, 'हरेक विषयलाई नकारात्मक रूपमा हेर्न थालिएको छ अहिले । हामी पूर्णरूपमा असफलतातिर उन्मुख छौं । विषम परिस्थिति सिर्जना भएको छ ।' केसीले पाठ्यक्रमसमेत पूर्णरूपमा परिवर्तन हुनुपर्ने माग राखे । '२०५५ देखि राष्ट्रिय शिक्षा नीति ऐन निर्माण हुन सकेको छैन । निजी र सामुदायिक स्कुलका उत्पादनहरू फरकफरक तरिकाले आएका छन् । १२ कक्षा फेल हुने ५० प्रतिशत छन् ।


**(बाँकी पृष्ठ २ मा)**


**सन्दर्भ : वैदेशिक रोजगार**

# नेपाल र रोमानियाबीच श्रम समझदारी

- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र रोमानियाका श्रममन्त्री सिमोना बुकुरा अप्रेस्कुले गरे समझदारीपत्रमा हस्ताक्षर
- दुवै मुलुकका आप्रवासी कामदारले रोमानियाका नागरि कसरह सामाजिक सुरक्षाको उपभोग गर्न पाउने
- दुवै पक्षको श्रमसँग सम्बन्धित निकायबीच समन्वय र सहकार्य गरी द्विपक्षीय श्रम समझदारीको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र युरोपेली मुलुक रोमानियाबीच श्रम समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र रोमानियाका श्रममन्त्री सिमोना बुकुरा अप्रेस्कुले शुक्रबार रोमानियास्थित श्रम मन्त्रालयमा हस्ताक्षर गरेका हुन् । रोमानिया नेपाली श्रमिकका लागि आकर्षित र सुरक्षित श्रम गन्तव्यका रूपमा परिचित छ । नेपाल र रोमानियाबीच कूटनीतिक सम्बन्ध कायम भएको ५५ वर्षपछि दुई देशबीच श्रम समझदारी भएको हो ।

दोहोरो करार, आधारभूत अंग्रेजी भाषाको ज्ञान तथा व्यावसायिक सीपलगायत विषयमा आपसी समन्वय र सहकार्यबाट समाधान र व्यवस्थापन गर्न दुवै मुलुकबीच सहमति भएको छ । दुवै मुलुकका आप्रवासी कामदारले रोमानियाका नागरिकसरह सामाजिक सुरक्षाको उपभोग गर्न पाउने तथा दुवै पक्षको श्रमसँग सम्बन्धित निकायबीच समन्वय र सहकार्य गरी द्विपक्षीय श्रम समझदारीको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जानकारी दिए ।

हस्ताक्षर समारोहमा श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, जर्मनीका लागि नेपालका राजदूत रामकाजी खड्का र रोमानियास्थित नेपालका अवैतनिक वाणिज्यदूत नवराज पोखरेल तथा रोमानिया सरकारका श्रमसँग सम्बन्धित विभिन्न निकायका उच्च अधिकारीको सहभागिता रहेको प्रवक्ता घिमिरेले बताए ।

त्यसअघि भएको द्विपक्षीय वार्तामा श्रममन्त्री भण्डारीले नेपाली कामदारसँग सरोकारका विषय, द्विपक्षीय श्रम समझदारीको आवश्यकता र प्रभावका बारेमा नेपालको अवधारणा प्रस्तुत गरेका थियो । रोमानियाका श्रममन्त्री सिमोनाले नेपाली कामदारको हकहित सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो देशमा उलेख्य संख्यामा नेपाली कामदार माग रहेको र पारदर्शीरूपमा कामदार छनोट गरिने तथा छोटो अवधिमा कामदार ल्याउने प्रक्रियामा समन्वय र सहकार्य गर्न आफू आतुर रहेको बताएका थिए ।

रोमानियाले नेपालमा चाँडै आफ्नो राजदूतावास स्थापना गर्न चाहेको जानकारी दिएको थियो । त्यसबाट आप्रवासी कामदारको माग प्रमाणीकरण, प्रवेशाज्ञा जारी गर्न सहज हुनेछ । रोमानियामा नेपाली श्रमिकका लागि सम्भावित सीपयुक्त श्रमबजारको पहिचान गर्नका साथै महिला श्रमिकसमेतलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकतामा राखी आपसी सहकार्य गर्नेबारेमा कुराकानी भएको थियो ।

रोमानियामा ठूलो संख्यामा आप्रवासी कामदारको माग रहेको, त्यहाँ १५ हजार ५९० नेपाली कामदार कार्यरत छन् । नेपालीको कार्य स्वभाव, इमान्दारी र लगनशीलतालाई दृष्टिगत गरी त्यहाँका रोजगारदाताले कृषि, निर्माण एवं सेवा क्षेत्रमा अवसर प्रदान गर्दै आएका छन् ।




# दसैंका लागि अग्रिम टिकट बुकिङमा ढिलाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** दसैंलाई लक्षित गरेर सार्वजनिक सवारीसाधनको अग्रिम टिकट बुकिङमा ढिलाइ भएको छ । अघिल्ला वर्षमा दसैं सुरु हुनुभन्दा झण्डै एक महिना अगाडि नै लामो तथा मध्यम दूरीमा जाने सार्वजनिक सवारीसाधनको अग्रिम टिकट बुकिङ खुलाउने गरे पनि यस वर्ष घटस्थापना सुरु हुन नौ दिनमात्रै बाँकी हुँदासमेत खुल्ने तयारी देखिएको छैन । हिन्दू नेपालीको महान चाड दसैंमा घटस्थापनादेखि नै विद्यालय, कलेजलगायतका धेरै संस्था बन्द हुन्छन् ।

समयमै टिकट खोल्दा घर जान चाहने विद्यार्थीलाई सहज हुने गरे पनि समयमा अग्रिम टिकट बुकिङ नखोली दसैंको मुखमा खोल्दा यात्रु दोब्बर/तेब्बर भाडा तिरेर घर जानुपर्ने अवस्था आउने गरेको छ । यातायात व्यवसायी भने निरन्तर वर्षाका कारण बाटो बिग्रिएका कारण दसैंका लागि अग्रिम टिकट बुकिङ खुलाउन समस्या परेको बताउँछन् ।

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला देशका मुख्य राजमार्ग बिग्रेका कारण अग्रिम टिकट बुकिङमा ढिलाइ भएको बताउँछन् ।

देशभरका सडकमा रहेका खाल्डाखुल्डीले गर्दा सवारी दुर्घटनाको जोखिम रहेको उनको भनाइ छ । 'दसैं अगाडि नै सबै सडक मर्मत गरिसक्न हामी सरकारलाई अनुरोध गरिरहेका छौं,' उनी भन्छन् । महासंघका अनुसार हाल मुग्लिङ-पोखरा, नारायणघाट-बुटवल, बिपी, अरनिको, ढल्केवर, कोशी ब्यारेजलगायतका राजमार्ग बिग्रेका छन् । यस्तै, काठमाडौंबाट नुवाकोट हुँदै रसुवासम्म जाने बाटोसमेत बिग्रेको छ ।

सरकारले ३५ प्रतिशत भाडा पेट्रोलियम पदार्थको मूल्यका आधारमा र ६५ प्रतिशत सवारीसाधनलाई आवश्यक अन्य सामग्री र जनशक्तिलाई दिइने तलबलगायतका सुविधाका आधारमा निर्धारण हुँदै आएको छ । वरिष्ठ उपाध्यक्ष सिटौला पेट्रोलियम पदार्थको आधारमा ३५ प्रतिशत भाडा समायोजन भए पनि बैंकको ब्याजदर, लुब्रिकेन्ट, टायर, तलब भत्तालगायतका सुविधाका लागि ६५ प्रतिशत भाडामा समायोजन नभएको बताउँछन् ।

'महासंघले बाटोसहित भाडा समायोजनको मुद्दालाई समेत अगाडि बढाउँदै आएको छ,' उनी भन्छन् । बाटोको अवस्था राम्रो भए आफूहरूलाई अग्रिम टिकट बुकिङ खोल्न कुनै आपत्ति नरहेको उनको भनाइ छ । दसैंका समयमा काठमाडौं उपत्यका र उपत्यका बाहिरबाट पनि एउटा जिल्लाबाट अर्को जिल्लामा धेरै यात्रु जाने गरेका छन् । क्षमताभन्दा बढी यात्रु बोक्दा वा खराब अवस्थाका सवारीसाधनका कारण दुर्घटनाको जोखिम रहन्छ । कसरी यात्रुलाई सुरक्षितरूपमा गन्तव्यसम्म पुऱ्याउन सकिन्छ भन्नेबारे अहिलेदेखि नै तयारी हुनुपर्छ ।

यातायात व्यवस्था विभागले चाँडै नै अग्रिम टिकट बुकिङ खोल्नेबारे सरोकारवाला निकायसँगको छलफल सुरु गरेको छ । विभागका महानिर्देशक उद्धवप्रसाद रिजाल अग्रिम टिकट बुकिङको बारेमा विभाग चाँडै निष्कर्षमा पुग्ने बताउँछन् । 'हामी सकेसम्म आजै अग्रिम टिकट बुकिङबारे निर्णयमा पुग्छौं,' उनले शुक्रबार भने ।

महानिर्देशक रिजालले नेपालको सार्वजनिक यातायातको संख्या र यात्रुको चापलाई हेरेर विभाग अगाडि बढ्ने बताउँछन् । विभागले चाडपर्वमा हुनसक्ने सम्भावित दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीसँग समन्वय गर्ने जनाएको छ ।

ट्राफिक प्रहरीले पनि चाडपर्वलाई लक्षित गरी यात्रु सहायता कक्ष स्थापना गर्ने जनाएको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट काठमाडौं महानगरपालिका र यातायात व्यवस्था विभागसँगको सहकार्यमा यात्रु सहायकता कक्षा स्थापना गरिने बताउँछन् । उनले दुर्घटना न्यूनीकरण र चाडपर्वलाई लक्षित गरेर ट्राफिक प्रहरीले 'ट्राफिक सप्ताह-२०८०' सञ्चालन गरेको उनको भनाइ छ ।

यातायात व्यवसायीका अनुसार प्रत्येक वर्ष चाडपर्वमा लाखौं व्यक्ति काठमाडौं छाड्ने गरेका छन् । हाल काठमाडौंको गोँगबुस्थित नयाँ बसपार्कबाट लामो तथा मध्यम दूरीका सवारीसाधन देशका ६५ भन्दा बढी जिल्लामा सञ्चालन हुँदै आएका छन् ।

# कामपाले खसीबोकाको स्वास्थ्य परीक्षण गर्ने

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी २३ गतेदेखि दसैं लक्षित खसीबोकालगायत चौपायाको स्वास्थ्य परीक्षण गर्ने भएको छ । कामपाले विगतका वर्षमा भन्दा यस वर्ष केही दिनअघिबाट चौपायाको स्वास्थ्य परीक्षण गर्न लागेको हो । अघिल्ला वर्षमा घटस्थापनादेखि नवमीसम्म मात्र बजार अनुगमन गर्दै आएको थियो ।

कामपाले कलंकी, टुकुचा, बालाजु, कोटेश्वर र खाद्य संस्थानको बिक्री केन्द्रमा चौपायाको स्वाथ्य परीक्षण गर्ने तयारी गरेको छ । अनुगमन समितिको संयोजकसमेत रहेकी सुनिता डंगोलको संयोजकत्वमा कामपा कृषि तथा पशुपन्छी विभाग, पशु चिकित्सक, कामपा प्रहरी र वडाको समन्वयमा खसीबोकालगायत चौपायाको परीक्षण गर्ने कामपा कृषि विभाग प्रमुख डा. अवधेश झाले जानकारी दिए ।

डा. झाका अनुसार खसीबोकाको बिक्री केन्द्रमा नै गरिने अनुगमनका क्रममा स्वस्थ खसीबोकाको सिङमा हरियो र अस्वस्थको सिङमा रातो रङ लगाइने तयारी रहेको छ । परीक्षणपछि उपभोक्तालाई खरिद गर्न सहज हुने भन्दै उनले सिङमा हरियो रङ लगाइएको खसीबोका मात्र खरिद गर्न आग्रह गरे । उक्त समयमा कामपाले चौपाया बिक्री स्थान, मासु पसल र बधशालालगायतका स्थानमा समेत अनुगमन गर्ने जनाएको छ । प्रत्येक स्थानमा पशु चिकित्सक, सहायकसहित अन्य पाँच जना टोलीले परीक्षण गर्ने तयारी गरेको छ । दसैंका लागि मात्र कामपाले जिल्ला पशुसेवा कार्यालय वा भेटनरी जनस्वाथ्य कार्यालय वा स्वतन्त्र भेटनरी चिकित्सकको सहयोगमा चौपायाको स्वाथ्य र मासु निरीक्षण गर्ने गरेको छ । *रासस*


## काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८०/०६/२०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ४९ थान गोलिया ५०४.०९ क्यु. फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १५ औं दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया सलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली


## शिक्षा...

पृष्ठ १ बाट जारी

आन्दोलनमा आएका शिक्षकहरूको माग पुरा हुनुपर्छ । पाठ्यक्रममा पूर्णरूपमा फेर्नुपर्छ,' उनले भने । नेकपा एमालेकी सांसद विद्या भट्टराईले विधेयकलाई विद्यालय शिक्षा नभनी संघीय शिक्षा विधेयकका रूपमा ल्याउनुपर्ने माग गरिन् । एमाले सांसद ऋषिकेश पोखरेलले विधेयकले शिक्षा क्षेत्रको विद्यमान समस्यालाई सम्बोधन गर्न नसकेको टिप्पणी गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालले सरकारले जुनसुकै विधेयक तयार गर्दा सरोकारवालासँग पहिला छलफल गर्नुपर्नेमा विधेयक दर्ता भइसकेपछि आन्दोलन र सहमति हुनुपर्ने स्थिति सुखद् नभएको बताए । सोही पार्टीका सांसद निशा डाँगीले वि.सं. २०२८ को शिक्षा ऐन विस्थापन हुन लागेका बेला सरोकारवालामा उत्साह हुनुपर्नेमा पर्याप्त गृहकार्य नभएकाले निराशा छाएको बताइन् ।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भनी गरेको मर्मलाई यस विधेयकमा व्यवस्थित गर्नुपर्ने माग गरे । '५२ वर्षपछि शिक्षा कानुन फेर्न सरकारले विधेयक ल्याएको छ । यो विद्यालय शिक्षा सुधार्ने जग हो । यो विधेयक सैद्धान्तिक रूपमा हामीले केही ध्यान दिनैपर्छ । विद्यालय आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क भनिएको छ । यसैगरी माध्यमिक शिक्षालाई निशुल्क गर्ने भनिएको छ,' पाण्डेले भने, 'माध्यमिक शिक्षलाई स्थानीय तहले नै व्यवस्थित गरेर लानुपर्छ ।' पाण्डेले शिक्षकलाई निजामती कर्मचारीसरहको सेवा सुविधा दिनुपर्ने बताए । नेपाली कांग्रेसका प्रमुख सचेतक यो विधेयक छलफल गरेरै अघि आएको उल्लेख गरेर सदनमै बृहत् छलफल गरेर अघि बढाउन सकिने बताए । 'यो छलफल गरेरै आएको हो । आमनागरिकका कुरा बुझेर सदनबाटै अगाडि बढाउनुपर्छ । यो विधेयकमा सरोकारवालाको चिन्ता र चासो व्यक्त भएका छन् । निःशुल्क शिक्षा र अनिवार्य शिक्षाको विषय छ,' लेखकले भने, 'राहत शिक्षक, विद्यालयका कर्मचारीका विषय छन् । यस विषयमा यही छलफल गरेर टुंगो लगाउनुपर्छ । यो विधेयकलाई सहमतिका साथ निष्कर्षमा पुऱ्याउनुपर्छ ।'

माओवादीका सांसद एवं पूर्वमन्त्री जनार्दन शर्माले कक्षा १२ बाट निस्कँदा प्रत्येक विद्यार्थी कुनै एक सीपमा पोख्त भएर निस्कनुपर्ने धारणा राखे । २०२८ बाट बल्ल २०८० मा नयाँ ऐन आउन लागेको उल्लेख गर्दै यो सुखद विषय भएको बताए । 'यो संशोधन हुन लागेको छ । हामी पुरानो नीतिमै अघि बढ्दा कति अपडेट भयो भन्ने कुरा प्रस्ट छ । यसमा केही अन्तरविरोधी कुरा पनि छन् । कतिपय कुरा संविधानसँग बाझिने खालको छन् । यो भविष्यसँग सम्बन्धित भएकोले पनि संशोधन गरेर जानुपर्छ,' शर्माले भने, 'यो विधेयकलाई व्यापक छलफलको आवश्यकता छ । १२ कक्षासम्मको शिक्षालाई कसरी एकरूपता बनाउँदै लाने भन्ने विषयमा हामी चिन्तित हुनुपर्छ । शिक्षालाई सीपसँग जोड्नुपर्छ र सीपलाई श्रमसँग जोड्ने शिक्षा नीति हुनुपर्छ । १२ कक्षाबाट निस्कँदा कुनै न कुनै सीप सिकेर निस्कनुपर्छ । व्यवस्थित गर्नुपर्छ ।'

### शिक्षकको माग सम्बोधन गर्न आग्रह

लामो प्रतीक्षापछि भदौ २७ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा दर्ता गराएको थियो । उक्त विधेयक संविधानको मर्म विपरित भएको भन्दै शिक्षा विद् र सरोकारवालाहरूले चर्को विरोध गरेको थियो । योसँगै शिक्षकहरूले आन्दोलनसमेत गरे । असोज ३ बाट सडकमा ओर्लेको शिक्षकहरूसँग सरकारले ५ गते विधेयक संशोधन हुने सम्झौता गऱ्यो । त्यसपछि संसद्मा यसबारे सैद्धान्तिक छलफल सुरु भएको हो ।

सांसद माधव सापकोटाले शिक्षकसँग भएको सहमति अक्षरशः कार्यान्वयन हुनुपर्नेमा जोड दिए । 'सरकारसँगको सहमतिका क्रममा पनि नेपाल शिक्षक महासंघ र राहत शिक्षकलाई छुट्याउने काम भयो । यो विधेयकलाई पूर्णता दिने क्रममा त्यो गल्ती दोहोऱ्याउनु हुँदैन,' उनले भने । सांसद सापकोटाले राहत, बाल विकास, पेन्सनपीडित, निजी स्रोतलगायत शिक्षकका बारेमा पनि संवेदनशील हुनुपर्ने तथा निजामती कर्मचारीसरह शिक्षकको सेवा सुविधा व्यवस्थापन गरिनुपर्ने बताए ।

सांसद नारायणी शर्माले आन्दोलनरत शिक्षकसँग गरिएका सहमतिलाई विधेयकमा समेट्नुपर्नेमा जोड दिँदै शिक्षकलाई आफ्ना सवाल सम्बोधन भएको अनुभूति गराउन सक्नुपर्ने बताइन् ।

बैठकमा यसअघि शिक्षा विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले विद्यालय शिक्षा विधेयक २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । शुक्रबार विधेयक माथिको सैद्धान्तिक छलफलमा भाग लिन चाहने सांसदहरूले बोल्ने क्रम सकिएको छ भने विभागीय मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने कार्यक्रम प्रतिनिधिसभाको आगामी बैठकमा राखिने सभामुख देवराज घिमिरेले जानकारी गराए । प्रतिनिधिसभाको अर्को बैठक भोलि आइतबार दिनको १ बजे बस्ने छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १६६ असोज १८ गते २०८० मा प्रकाशित Ishan Overseas Pvt. Ltd. को Lot No. 293566 को Branch Sepco Electric Power Construction Corporation Company कम्पनीको विज्ञापनमा म्यानपावरको नाम Ishan Overseas Pvt. Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**Ishan Overseas Pvt. Ltd.**
Samakhusi, Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax: +977-1-5547945, E-mail: manishannepal@gmail.com



## सोताङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोताङ, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

### भूलसुधार

यस सोताङ गाउँपालिकाको मिति २०८०/०६/१९ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Invitation for Online Bids सूचनामा Estimated Amount With VAT हुनु पर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा सच्याईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।



## काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित: २०८०/०६/ २० गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ४९ थान गोलिया ५०४.०९ क्यु. फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र २१ औं दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया सलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली



## श्री किसान सामुदायिक वन उपभोक्ता समूह
**नरैनापुर गा.पा. १ बाँके**

### बोलपत्रद्वारा गोलिया काठर दाउरा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति: २०८०/०६/२०**

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च. नं. २७४९ मिति २०८०/०१/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकि रहेका गोलिया काठहरूलाई डिभिजन वन कार्यालय, बाँकेको च.नं. २४३ मिति २०८०/०४/१५ गतेको समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, अस्ना, जामुन तथा धौटी जातका गोलिया थान १५४ को २९६८.८० काठ साल जातको दाउरा ८.०० चट्टा अन्य जातको दाउरा १०.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योगले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१औं दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको ब्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।



## श्री त्रिशुल हरियाली सामुदायिक वन उपभोक्ता समूह
जोरायल गा.पा.६, तेलपारा, डोटी


### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८०/०६/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा सङ्कलन भएर उत्पादन भई जोरायल गा.पा.६, तेलपारामा घाटगद्दी गरी राखिएको लट नं.१ को साल गोलिया थान २३७ को १५६३.३५ क्यु.फिट काठ, लट नं.२ को अस्ना गोलिया थान ३८ को ५०३.१२ क्यु.फिट काठ र लट नं.३ को खोटे सल्ला गोलिया थान २२ को १९६.२२ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न दोस्रो पटक सूचना प्रकाशित गर्दा पनि टेण्डर नपरेकाले तेस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असोज १९ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |
| **वृष** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मिथुन** | आफ्नो काममा अरुले फादा उठाउन सक्छन । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।तथा |
| **सिंह** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कन्या** | स्पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **धनु** | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| **मकर** | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |
| **कुम्भ** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मीन** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज १९ गते, २०८०, ६ ओक्टुबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९१ | १३३.५१ |
| युरो | १ को | १४०.४५ | १३९.८२ |
| पाउन्ड स्टिर्लङ | १ को | १६१.३७ | १६२.१० |
| स्विस फ्रेन्क | १ को | १४५.१६ | १४५.८२ |
| अस्ट्रेलियन डलर | १ को | ८४.३४ | ८४.७२ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिंगापुर डलर | १ को | ९६.९६ | ९७.४० |
| जापानी येन | १० को | ८.९३ | ८.९७ |
| चिनियाँ युआन | १ को | १८.२० | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४४ | ३५.६० |
| कतारी रियाल | १ को | ३६.४५ | ३६.६१ |
| थाई भाट | १ को | ३.६० | ३.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.११ | २८.२४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.०६ | १२.११ |
| डेनिस क्रोनर | १ को | १८.७५ | १८.८४ |
| हङकङ डलर | १ को | १६.९८ | १७.०५ |
| कुवेती दिनार | १ को | ४२९.६८ | ४३१.६२ |
| बहराइन दिनार | १ को | ३५२.९२ | ३५४.५१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



जुम्लाको कनकासुन्दरी गाउँपालिका-२ स्थित पम्परागत माटोको शैलीमा निर्माण भएको मालिकाबोता गाउँ । *तस्बिर: विजय रावत/ रासस*

# अध्ययन केन्द्रको रूपमा विकास हुँदै पर्वतीय संग्रहालय

■ ऋषिराम बराल

**लेखनाथ (कास्की)**– पर्यटकीय गन्तव्यको रूपमा चिनिएको पोखराको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय अध्ययन, अवलोकन गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढ्दै गएको छ । हिमाल र हिमाली क्षेत्रका सम्पूर्ण गतिविधिको पहिचान झल्किने गरी स्थापना गरिएको यस संग्रहालयमा अध्ययन, अवलोकन गर्न आउने पर्यटकको संख्या दिन प्रतिदिन बढ्दै गएको हो ।

हिमाली क्षेत्रमा बसोबास गर्ने जातजातिको रीतिरिवाज, वेशभूषा, कला र संस्कृतिका साथै भौगोलिक अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले सञ्चालनमा ल्याइएको उक्त संग्रहालय अवलोकन गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढेको संग्रहालयका निर्देशक निर्मला न्यौपानेले बताए । नेपाल पर्वतारोहण संघद्वारा वि.सं. २०६० मा १०० रोपनी क्षेत्रफलमा निर्माण गरी सञ्चालनमा ल्याइएको उक्त संग्रहालयमा हालसम्म २५ लाखभन्दा बढी पर्यटकले अध्ययन, अवलोकन गरिसकेका उनले जानकारी दिए ।

'पछिल्लो समय अधिकांश पर्यटकको रोजाइमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय नै पर्ने गरेको छ,' न्यौपानेले भने, 'गत साउनमा मात्रै १२ हजारभन्दा बढी पर्यटकले संग्रहालयको अवलोकन गरेका छन् ।' उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा संग्रहालयमा अवलोकन गर्न आउने पर्यटकको संख्या एक लाख ३७ हजार ४८८ रहेकामा आव २०७९/८० मा त्यो संख्या बढेर दुई लाख पुगेको थियो । यो संग्रहालय पोखरामा पर्यटकको बसाइ लम्ब्याउन उत्तिकै महत्त्वपूर्ण बनेको उनको भनाइ थियो ।

संग्रहालयमा विश्वका आठ हजार मिटरभन्दा बढी उचाइ भएका १४, सात हजार ५०० देखि सात हजार ९९९ मिटर उचाइसम्मका ४०, छ हजारदेखि छ हजार ९९९ मिटरसम्मका ६०३ सहित अन्य हिमालका गरी कूल एक हजार ९१३ हिमचुचुरा र त्यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाका वेशभूषा, संस्कृति, दैनिक उपयोग गर्दै आएका विभिन्न सामग्री संग्रह गरी प्रदर्शनमा राखिएका निर्देशक न्यौपानेले जानकारी दिए ।

'संग्रहालयले मुख्य आम्दानीको स्रोत टिकटबाट उठ्ने शुल्क नै हो,' उनले भने 'आव २०७८/७९ मा टिकट शुल्कबापत एक करोड ४३ लाख रूपैयाँ संकलन भएकामा आव २०७९/८० मा दुई करोड ३४ लाख रूपैयाँ संकलन भएको छ ।'




संग्रहालय अध्ययन अवलोकन गर्ने पर्यटकका लागि टिकट शुल्कबापत विद्यार्थीका लागि ५० रूपैयाँ, सर्वसाधारण नेपालीका लागि १००, सार्कस्तरीय पर्यटकलाई २५० रूपैयाँ र बाह्य पर्यटकका लागि ५०० रूपैयाँ लिइँदै आएको न्यौपानेले जानकारी दिए । त्यस्तै लामो समय नेपालमै बसोबास गर्दैआएका विदेशी नागरिकलाई २५० र संग्रहालयको बगैँचामात्रै अवलोकन गर्नका लागि ३५ रूपैयाँ लिने गरिएको उनले बताए ।

वर्षका सबैदिन खुला रहने संग्रहालयमा दसैं र तिहारको लामो बिदामा अवलोकन गर्न आउने पर्यटकको संख्या उल्लेख्य रहने न्यौपानेको भनाइ थियो । उनका अनुसार विश्वका हिमशृंखलाको उत्पत्ति, महत्त्व, यस क्षेत्रका वन्यजन्तु, वनस्पति तथा खनिज पदार्थलगायत सामग्री संग्रहालयमा राखिएका छन् ।

'वि.सं. २०६० मा पोखरा-१७ स्थित घारिपाटमा १० करोड रूपैयाँको लागतमा संग्रहालय निर्माण गरिएको हो । यसमा सरकारका तर्फबाट ३० लाख रूपैयाँ, जापान सरकारबाट एक करोड ४५ लाख ७८ हजार रूपैयाँ, कोरियाबाट छ लाख ६९ हजार रूपैयाँ, चीनबाट तीन लाख ३६ हजार रूपैयाँ, भारतबाट तीन लाख २० हजार र स्पेनबाट ३७ लाख रूपैयाँ सहयोग प्राप्त भएको थियो,' न्यौपानेले भने 'बाँकी रकम विभिन्न संघसंस्था र व्यक्तिबाट पनि प्राप्त भएको छ ।'

हिमाली क्षेत्रको कला संस्कृति र भौगोलिक अवस्थाका बारेमा जानकारी दिने उद्देश्यले संघले प्रत्येक वर्ष महोत्सवको आयोजना गर्दै आएको छ । संयुक्त राष्ट्रसंघले डिसेम्बर ११ लाई विश्व पर्वतारोहण दिवस घोषणा गरेकाले विगत पाँच वर्षदेखि यसै दिन अन्तर्राष्ट्रिय पर्वतारोहण महोत्सव मनाउँदै आइएको निर्देशक न्यौपानेले जानकारी दिए । उनका अनुसार महोत्सवमा हिमाली क्षेत्रका जनजातिको दैनिकी, कला, संस्कृति र रीतिरिवाजलगायतको जानकारी समेटिने गरिएको छ ।

संग्रहालयमा विश्वकै अग्लो सगरमाथाको चुचुरो र गहिरो इजरायलको डेड्सीबाट ल्याइएको चट्टानसमेत पर्यटकको आकर्षण बनेको न्यौपानेको भनाइ थियो । उनका अनुसार एसियाकै नमूनाका रूपमा रहेको संग्रहालयमा भारत, पाकिस्तान, चीन, जापान, स्लोभानिया, ताइवान, अस्ट्रेलिया, बेलायत, अमेरिका, इजरायल, कोरियालगायत विभिन्न देशका पर्वतीय गतिविधि झल्काउने सामग्री पनि राखिएका छन् ।

पर्यटक लक्षित लगानी बढिरहेको अवस्थामा पर्यटकको संख्या वृद्धिका साथै उनीहरूको बसाइँ लम्ब्याउनेतर्फ सबैले ध्यान दिनुपर्ने पोखराका पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई बताए । पर्यटकीय रूपमा महत्त्वपूर्ण मानिएको पोखरालाई पर्यटकीय राजधानीको रूपमा घोषणा गर्नुपर्नेमा उनले जोड दिए ।

यहाँका पर्यटक व्यवसायी धर्म पन्थीले पोखरामा सञ्चालनमा आएको अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशी पर्यटक भित्र्याउन सरकारले अन्तर्राष्ट्रिय उडानलाई नियमितता दिन पहल गर्नुपर्नेमा जोड दिए । पर्यटन क्षेत्रले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउने भएकाले सरकारले नेपालमा विदेशी पर्यटन भित्र्याउन र यहाँ बसाइ लम्ब्याउनतर्फ विशेष भूमिका खेल्नुपर्नेमा उनको भनाइ थियो । *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/२०**

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०६/१० को स्वीकृति अनुरुप साविक कम्पनी **लिड एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. ११३४८१/०६९/०७०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न बुझाउन पर्ने दायित्व आदि परिवर्तित नामको कम्पनी **एजुकेट इन्टरनेशनल नेपाल प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

## काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना

**दोस्रो पटक प्रकशित मिति: २०८०/०६/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ११२ थान गोलिया ६९३.०५ क्यु.फिट काठ सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १५ औ दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया बेलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली


# भूकम्प प्रभावितलाई ५० हजार उपलब्ध गराउने प्रधानमन्त्रीको प्रतिबद्धता



**बझाङ (प्रस)**– प्रधानमन्त्री पुष्पकमल दाहालले भूकम्प प्रभावितलाई अस्थायी आवास निर्माणका लागि प्रतिपरिवार ५० हजार रूपैयाँ उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । मंगलबारको भूकम्पबाट प्रभावित क्षेत्रको अवलोकनका लागि शुक्रबार बझाङको सदरमुकाम चैनपुर पुगेका उनले पीडित परिवारको आवश्यकतालाई पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

उनले सदस्य संख्याका आधारमा प्रभावित परिवारलाई १५ देखि २० हजार रूपैयाँ उपलब्ध गराउने जानकारी दिए । प्रधानमन्त्री दाहालले भने, 'राहतमा पाल, कम्मल, औषधिलगायत तत्काल अत्यावश्यक सामग्री उपलब्ध गराउन सरकार क्रियाशील छ ।'

भूकम्पपीडितलाई तत्काल राहत तथा अस्थायी टहरा निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भने 'संघीय, प्रदेश र स्थानीय सरकार सबै प्रभावित जनताको साथमा छ, सरकार जनतासँगै छ ।'

प्रधानमन्त्री दाहालले भूकम्पबाट भएको क्षतिको तथ्यांक संकलन गरी क्षति पुगेका संरचनाको प्रबलीकरण वा पुनर्निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताए । भूकम्पमा परी घाइते भएकाको निःशुल्क उपचार भइरहेको जानकारी दिँदै उनले भूकम्पपछि आएको पहिरोमा परी ज्यान गुमाएकी जयपृथ्वी नगरपालिका-११ स्थित ओखलकी ४० वर्षीया गुनमति धाँमीका परिवारलाई तत्काल दुई लाख राहत दिने बताए ।

स्थानीय, प्रदेश र संघीय सरकारबाट क्षति मूल्यांकनका आधारमा कार्यविधि बनाई भूकम्प प्रतिरोधी घर निर्माण गर्न सहयोग गर्ने उनले बताए । प्रधानमन्त्री दाहालले भने, 'यसअघि गोरखा, सिन्धुपाल्चोकलगायत जिल्लामा गरिएको पुनःनिर्माण जस्तै स्थानीय सामग्री प्रयोग गरी काम अघि बढाइनेछ । सरकारी, विद्यालय तथा स्वास्थ्य संस्थाको पुनर्निर्माण गरिनेछ । सबै संरचना भूकम्प प्रतिरोधी हुनेछन् ।' सो क्रममा उनले विश्व खाद्य कार्यक्रमले सहयोग गरेको पोषणयुक्त बिस्कुट जिल्ला विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गरे ।

# जुम्ला इजलासमा 'भर्चुअल' बकपत्र सेवा

**जुम्ला (प्रस)**– उच्च अदालत सुर्खेत जुम्ला इजलासले अब 'भर्चुअल'बाट बकपत्र सेवा सुरु गर्ने भएको छ । यही असोज महिनादेखि न्यायिक प्रक्रिया सम्पादनमा प्रविधिलाई कार्यान्वयमा ल्याएको उच्च अदालत सुर्खेत जुम्ला इजलासका मुख्य न्यायाधीश श्रीमणकुमार गौतमले जानकारी दिए ।

उनले प्रविधिमैत्री सेवाअन्तर्गत अनलाइन/म्यासेजबाट तारेख र जुममार्फत बकपत्रको व्यवस्था गरिएको बताए । जिल्लास्थित पत्रकारसँग भेटघाट कार्यक्रममा मुख्य न्यायाधीश गौतमले भने, 'अदालतको न्यायिक प्रक्रियालाई छिटो छरितो र प्रविधिमैत्री, कम खर्चिलो बनाउन अनलाइनबाट तारेख र जुममार्फत बकपत्रको व्यवस्था गरिएको छ ।'

कर्णाली प्रदेशका पाँच जिल्लामा कार्यक्षेत्र रहेको जुम्ला इजलासमा न्यायिक प्रक्रियामा प्रविधिमैत्री सेवाको विस्तार गरिएको हो । कर्णालीका जुम्लासहित कालीकोट, मुगु, हुम्ला र डोल्पामा इजलासको कार्यक्षेत्र रहेको मुख्य न्यायाधीश गौतमको भनाइ थियो ।

यो प्रविधि यसअघि सर्वोच्च अदालतसहित नेपालगञ्ज र दिपायलमा समेत लागू भइसकेको छ । तीमध्ये दिपायलमा सेवा प्रभावकारी भएकाले कर्णालीमा पनि उक्त सेवा लागू गरिएको हो । उक्त सेवा लागू भएपछि अब कुनै पनि व्यक्तिले तारेखका लागि जुम्लास्थित अदालतमा भौतिकरूपमा उपस्थित हुनुपर्दैन । प्रविधिको प्रयोग गरेर म्याजेसमार्फत तारेखबारे जानकारी पाइने मुख्य न्यायाधीश गौतमले जानकारी दिए ।

कुनै पनि मुद्दाको बहस र बकपत्र सम्बन्धित जिल्लाको जिल्ला अदालतबाट जुम प्रविधिमार्फत गर्न सकिने जुम्ला इजलासले जनाएको छ । सो प्रविधि लागू भएपछि कुनै पनि मुद्दाको बकपत्रको लागि डोल्पाका नागरिक जुम्ला आइरहनुपर्दैन । मुद्दासँग सम्बन्धित व्यक्ति र कानुन व्यवसायीले समेत सम्बन्धित जिल्लाबाट बकपत्र दिन र बहस गर्न सकिने अदालतका रजिष्ट्रार यामप्रसाद बाँस्कोटाले जानकारी दिए ।

कर्णालीका पाँच जिल्लामा जाडो महिनामा भौगोलिक विकटताका कारण नागरिकले भोग्नुपरेको सास्तीलाई मध्यनजर गरेर सेवा विस्तार गरिएको हो । कर्णालीका उच्च हिमाली जिल्लामा जाडो याम, वर्षा तथा प्राकृतिक विपद्लगायत समयमा न्यायसम्पादनमा कठिनाइ हुने जनाइएको छ । रजिष्ट्रार बाँस्कोटाले भने, 'न्यायिक प्रक्रियालाई छिटो छरितो बनाउने हाम्रो उद्देश्य रहेको छ । अब मुद्दाको निरूपणका लागि एक वर्ष कुर्नु पर्दैन । कम्तीमा छ महिनाभित्रै मुद्दा किनारामा लाग्दै आएका छन् । अब लामो समय फैसला पनि कुर्न नपर्ने परिपाटी सिर्जना गर्छौं । तारेखमा अनलाइन प्रणाली लागू गरिएको छ । अब जुममार्फत बकपत्रको व्यवस्था गरिएको छ ।'


## Kuwait मा बैदेशिक रोजगारको अवसर

**1. Company: YUSUF AHMED ALGHANIM & SONS CO.WLL, Kuwait** पून:विज्ञापन

१. पूर्व स्वीकृति मिति:- २०७९।०३।१४ | च. न.:-६०१८२०६५ | LT No:- 265827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव KD | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 50 | - | काममा दक्ष | 85 | ३६,५२५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Outdoor Labor | 50 | - | | 95 | ४०,८२०।- | | | | | | | |
| 3 | Gardener | 21 | - | | 95 | ४०,८२०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०८० असोज २७ गते (14 October, 2023) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

KATHMANDU OVERSEAS PVT. LTD. HUMAN RESOURCES & LOGISTIC SUPPORT Redge No. 265/058/059

श्रम इजाजत नं. २६५/०५८/०५९

**काठमाण्डौ ओभरसिज प्रा. लि.**
बसुन्धरा, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६,
Email: kathmandumanpower@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SPARKLING CLEAN GENERAL CLEANING**

पूर्व स्वीकृति मिति : २०८०/०६/१८ | LT. No. 293528 | चलानी नं. ६०२०८७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 0 | 4 | 1300 | ४७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २६ गते (13th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 293528 मिति: २०८०/०६/१९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

# सेवामा समर्पित डा. रामनरेश



▶▶ टीकाराम सुनार/सुदीप राउत

जनकपुरधाम- डा. रामनरेश पण्डितको नाम मधेस र विशेषगरी जनकपुरबासीका लागि नौलो होइन । स्त्रीरोग तगा प्रसूतिका लागि पण्डित यहाँ पहिलो नम्बरको डाक्टर हुन् ।

प्रादेशिक अस्पताल जनकपुरधामको निर्देशकसमेत रहेका उनी पछिल्लो डेढ दशकदेखि यसै क्षेत्रमा आफूलाई अब्बल प्रमाणित गर्दै आएका छन् । डा. पण्डित मधेस प्रवेश गरेका बेला प्रदेशमा प्रसूति शल्यक्रिया वीरगञ्ज र जनकपुरमा मात्रै सीमित थियो । तर त्यहाँ पनि सेवाग्राहीको संख्या पातलो थियो । 'सुरुमा सुरक्षित प्रसूतिका लागि धेरै ठाउँमा शल्यक्रिया सेवा नै थिएन, न त यो विधामा धेरै चिकित्सक नै थियौं । हाम्रो अथक प्रयासले नागरिकमा सेवाप्रति भरोसा र विश्वास जगाउन सक्यौं,' डा. पण्डितले भने ।

**पढाइमा अब्बल**

महोत्तरीको मनरा शिसवा नगरपालिका-८ मा जन्मिएका डा. पण्डितले गाउँकै बथनाह स्कुलबाट विद्यालय शिक्षा पढे । उच्च शिक्षा भने चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज (टिचिङ हस्पिटल) काठमाडौंबाट हासिल गरे । डा. पण्डितले सामान्य चिकित्सा (एचए), एमबिबिएस, स्त्री तथा प्रसूति रोगमा एमडी गरेका छन् ।

'वि.सं. २०४२ मा एसएलसी गरेपछि २०४६ सादलमा एचए, २०५४ एमबिबिएस र २०५८ मा एमडीको पढाइ सकाएँ । त्यो समय स्त्री तथा प्रसूति रोगमा गिनेचुनेका मान्छेले मात्रै एमडी गर्थे । त्यहीबेला मैले पनि अध्ययन पूरा गरेकामा अहिले गौरव महसुस हुन्छ,' उनले भने । उनले सरकारको छात्रवृत्तिमै सबै तहका अध्ययन पूरा गरेका हुन् ।

'उच्च शिक्षाका सबै तह सरकारको पूर्ण लगानीमा पढैं । पैसा छैन, पढ्न पाइँदैन कि भन्ने चिन्ता कहिल्यै गर्नुपरेन । यो मेरो लागि सौभाग्य र आम विद्यार्थी तथा जिज्ञासुका लागि पनि प्रेरणाको विषय हुनसक्छ,' डा. पण्डितले भने ।

**सेवामा पनि अब्बल**

वि.सं. २०५८ मा उच्च शिक्षाको अध्ययन पूरा गरेपछि डा. पण्डित सोही वर्ष जेठमा जनकपुर आए । जागिरको सिलसिलामा केही समय सर्लाहीको लालबन्दी प्राथमिक स्वास्थ्य केन्द्र, महोत्तरीको बर्दिवास अस्पताल र उदयपुरमा काम गरे । त्यसअघि सामान्य चिकित्सा विषयमा अध्ययनपछि काठमाडौंको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीमा स्थायी जागिरेका रूपमा सेवा गरे ।

'सेवा सुरु गरेको २२ वर्षमा केही समय बाहिर रहेँ हुँला तर त्यसपछि निरन्तर जनकपुरमै छु । पछिल्लो १५/१६ वर्षदेखि त प्रादेशिक अस्पतालबाट कार्यसम्पादन गरिरहेको छु । यसरी आफ्नै क्षेत्रका नागरिकको सेवा गर्न पाउनु मेरो सौभाग्य पनि हो,' डा. पण्डित भन्छन् ।

यस अवधिमा प्रादेशिक र निजी अस्पतालमासमेत गरी सानोतिनोबाहेक करिब १० हजारजति शल्यक्रिया र लाखौं नागरिकको उपचार गर्ने अवसर पाएको उनले बताए । 'म प्रादेशिक अस्पतालमा आउँदा प्रसूति वार्डमा प्रायः बेड खाली हुन्थे । नागरिकको विश्वास जित्न धेरै प्रयत्न गर्‍यौं, जसले नागरिकलाई आकर्षित गर्दै लग्यो । अहिले त बेड पाउनै मुस्किल छ,' उनले स्मरण गरे, 'त्यसको मुख्य कारण सरकारी नीति, गुणस्तरीय सेवा र जटिल अवस्थामा पनि सहजरूपमा काम गर्ने हामीजस्ता चिकित्सक नै हौं ।'

**अनुभव र सिकाइ**

चिकित्सा क्षेत्रमा डाइग्नोसिसअर्थात् रोगको पहिचान सबैभन्दा जटिल र महत्त्वपूर्ण विषय भएको बताउने डा. पण्डित त्यसमा आफू नेतृत्वको टिमले प्रदर्शन गरेको सफलताले नै जनकपुरलाई प्रसूति सेवाको 'हब' बनाउन सहज भएको धारणा राख्छन् । 'सेवा अवधिमा १० हजार पटक शल्यक्रिया गरेको हुँदा, तर त्यसमा पनि २० देखि २५ वटा जटिल बिरामीलाई बचाउन सफल भएको क्षणले मलाई हरक्षण सेवामा खटिन ऊर्जा दिइरहन्छ,' उनी भन्छन् । डाक्टरका रूपमा सबैभन्दा आनन्द कति बेला आउँदो रहेछ ? हामीले सोधेको प्रश्नमा डा. पण्डितले भने, 'खोइ के हुने हो भन्दै अपरेसन थिएटर पसेको डाक्टरको टोली सफल भए फर्केको क्षण सबैभन्दा आनन्द दिने खालको हुन्छ, बिरामी र उनीहरूका आफन्तले पनि धन्यवाद दिनुहुन्छ ।'

उनका अनुसार 'युट्राइन इन्भर्सन' अर्थात् बच्चा जन्मिएपछि पाठेघर उल्टिने समस्यालाई जटिल मानिन्छ । त्यस्तो बेला बिरामीलाई अर्को ठाउँमा रेफर गर्ने विकल्प पनि रहँदैन । त्यसैले तत्काल सही उपचार नपाएमा अत्यधिक रक्तस्रावका कारण आमाको ज्यान जान्छ । यस्ता कैयन जटिल केसमा सफलता प्राप्त गर्दा आफ्नो अध्ययन, सिकाइ र जीवनको लक्ष्य नै सफल भएको अनुभूति हुने गरेको डा. पण्डितको भनाइ छ । बच्चा पेटमा भएका बेला ब्लड प्रेसरका कारण कम्पन हुने समस्या र गर्भपतनको बेला पाठेघरमा प्वाल परेको समस्यालाई पनि सफलतापूर्वक निदान गरेको परिघटनाले थप जिम्मेवार बनाउने गरेको डा. पण्डितको भनाइ छ ।

डा. पण्डित अहिलेसम्मको अनुभव र सिकाइ अब सोही अस्पतालको श्रीवृद्धिमा प्रयोग गर्ने योजनामा छन् । 'म निर्देशकको रूपमा आएपछि मुटुरोग सेवा सुरु गरिसकेका छौं । अब चाँडै एमआरआई, क्याथल्याब, न्युरो सर्जरी, क्यान्सरको सेवा सुरु गर्ने तयारीमा छौं । त्यसबाहेक यहाँको फोहोर व्यवस्थापनका लागि नागरिक र पूर्वाधार निर्माणका लागि सरकारले सक्दो सहयोग गरेमा गुणस्तरीय सेवा दिन हामी कटिबद्ध छौं,' उनले योजना सुनाए ।

**समस्या के छ ?**

मधेस जनसंख्याको हिसाबले ठूलो र सबैभन्दा बढी जन्मदर भएको प्रदेश पनि हो । त्यस हिसाबले यहाँ पर्याप्त सरकारी अस्पताल र स्वास्थ्य पूर्वाधार हुनु आवश्यक छ । मुलुकमा संघीयता आएपछि मधेसका दुई ठाउँमा सीमित प्रसूति शल्यक्रिया सुविधा सबैजसो मुख्य अस्पतालमा पुगे पनि त्यसलाई सुविधा सम्पन्न बनाउन जरुरी रहेको डा. पण्डितको भनाइ छ ।

त्यस्तै पाँच वर्ष पहिले यस प्रदेशमा शल्यक्रियामार्फत बच्चा जन्माउने दर पाँच प्रतिशतभन्दा कम थियो । त्यो विश्व स्वास्थ्य संगठनको मापडण्डअनुसार सुरक्षित प्रसूति सेवाको पहुँच नपुगेको संकेत हो । तर संघीयतापछिका वर्षमा सुरक्षित प्रसूति सेवा पुगेकै कारण देशको मातृ मुत्युदरप्रति १० लाखमा १५१ हुँदा मधेसमा भने १४२ हुनु सुखद् पक्ष भएको डा. पण्डितले बताए ।

डा. पण्डितका अनुसार लिंग पहिचान गरी हुने गर्भपतन यहाँको अर्को डरलाग्दो समस्या हो । 'गर्भपतनले कानुनी मान्यता नपाउनुभन्दा अघि महिलाले अकालमा ज्यान गुमाउनुपर्थ्यो । गर्भपतनको अधिकार पाएपछि भने 'सेक्स सेलेक्टिभ एभोर्सन' बढ्दै गएको छ । परिणामस्वरूप छोरीहरूले गर्भमै तुहिनुपर्ने अवस्था छ । त्यसै कारण त मधेसमा १०० जना महिलामा ११८ पुरुष छन्,' डा. पण्डितले भने । उनका अनुसार धनुषाको अवस्था झन् विकराल छ । यस जिल्लामा १०० महिलामा १३६ पुरुष छन् । अल्ट्रासाउण्डबाट लिंग पहिचान गरेर भ्रुण हत्या समयमै रोक्न नसकेमा लैंगिक सन्तुलनमा गम्भीर समस्या आउने छ ।

डा. पण्डित चिकित्सकको भूमिकाका कारण निम्तिने अविश्वासको संकट पनि समस्याका रूपमा रहेको धारणा राख्छन् । त्यसैले उनी आवश्यक नभएको अवस्थामा पनि पैसाकै लागि डाक्टरले शल्यक्रिया गर्ने गरेको आरोप चिर्नुपर्ने आवश्यकता औंल्याउँछन् । *रासस*

## नेताको फेरिएको दैनिकी

# राजनीति छाडेर पुनः आरन पेसामा छवि



२०७५ सालदेखि नै पार्टी राजनीतिसँगसँगै आरन उद्योगमासमेत उनले आफैं काम गर्न थालेका थिए । करिब एक रोपनी जग्गामा मासिक सात हजार शुल्क तिर्ने गरी भाडामा लिएका उनले आरन उद्योगसँगसँगै सामग्री बिक्रीकक्षसमेत सञ्चालन गरेका छन् ।

▶▶ कमल खत्री

**बेनी (म्याग्दी)–** मालिका गाउँपालिका-६ दरबाङका छवि विश्वकर्माको पछिल्लो समय दैनिकी फेरिएको छ । उमेरले ५० वर्ष पार गरेका उनी राष्ट्रिय जनमोर्चा म्याग्दीको जिल्ला अध्यक्षसमेत छन् । पार्टी राजनीतिमा सक्रिय बन्नुपर्ने उनी अहिले भने आरनको काममा व्यस्त छन् ।

गाउँपालिकाको केन्द्र दरबाङ बजारको भूमेथानमा जग्गा भाडामा लिएर उनले 'दरबाङ आरन उद्योग' सञ्चालनमा ल्याएका छन् । बिहानदेखि बेलुकीसम्मको अधिकांश समय विश्वकर्माले आरनमा नै बिताउँछन् । फलामलाई काट्ने, पगाल्ने, धार लगाउने र कृषि औजार तथा घरेलु हातहतियार बनाउने उनको दैनिकी हो ।

वि.सं. २०७५ सालदेखि नै पार्टी राजनीतिसँगसँगै आरन उद्योगमासमेत उनले आफैं काम गर्न थालेका थिए । करिब एक रोपनी जग्गामा मासिक सात हजार शुल्क तिर्ने गरी भाडामा लिएका उनले आरन उद्योगसँगसँगै सामग्री बिक्रीकक्षसमेत सञ्चालन गरेका छन् ।

केही वर्षअघिसम्म पार्टीको राजनीतिक गतिविधिमा सक्रिय हुने उनी अहिले आफ्नै पौरखको पेसामा फर्किएका छन् । 'हरेक दिन आरनकै काम गर्नेमा मेरो समय खर्चिएको छु, कहिलेकाहीँ पार्टीको बैठक, भेला, प्रशिक्षणहरूमा भाग लिनुपर्दा मात्रै यहाँ आउन सक्दिनँ, पार्टीको नेतृत्व पनि अधिवेशनबाट हस्तान्तरण गर्ने योजनामा छु,' उनले भने ।

जिल्लामा पार्टी संगठनको आकार ठूलो नहुँदा राजनीतिक गतिविधिसमेत कम हुने र घरपरिवारको जीविकोपार्जनका लागि पनि अन्य स्रोत नभएपछि विश्वकर्माले आरन उद्योगलाई पेसा-व्यवसायको रूपमा रोजेका थिए । संघीयता नआउँदै जिल्लास्तरमा राजनीतिक दलका नेताहरू बैठक, अन्तर्क्रिया, सभा, समारोह, योजना, अनुगमनलगायतको क्षेत्रमासमेत व्यस्त बन्ने गरेको भए पनि स्थानीय तहमा जनप्रतिनिधि चुनिएपछि जिल्लास्तरीय नेताहरूको भूमिका खुम्चिएको छ ।

पार्टी कामबाहेक अन्य समय फुर्सदिलो हुने भएकाले आफूले आरन उद्योग खोलेको नेता विश्वकर्माले बताए । सुरुआतमा तीन लाख रूपैयाँ लगानीबाट आरन सञ्चालन गरेका विश्वकर्माले परम्परागत आरनलाई आधुनिकीकरणसमेत गरेका छन् । पहिले फलाम काट्ने, जोड्ने र धार लगाउने सबै काम हातले नै गर्नुपर्ने भए पनि अहिले भने फलाम काट्ने, जोड्ने र धार लगाउन मेसिनको प्रयोग गर्ने गरेको उनले बताए ।

विश्वकर्माको आरन उद्योगलाई मालिका गाउँपालिकाले परम्परागत आरन आधुनिकीकरण गर्ने कार्यक्रमअन्तर्गत वेल्डिङ र ग्रेण्डर मेसिन अनुदानमा दिएको छ । आरनमा घरेलु कृषि औजार आँसी, बाउसा, कोदाला, थेबे, बञ्चरो, फाली, ओदान, खुकुरी, दाबेलगायतका सामग्री निर्माण हुने गरेको छ । उद्योगमा आफूसँगै थप दुई जनाले काम गर्दै आएको विश्वकर्माले बताए । एक्लैले सामग्री तयार गर्न सम्भव नभएपछि एक जना मुख्य मिस्त्री र एक जना सहयोगी राखेर आरन चलाउँदै आएको उनले जानकारी दिए ।

'राजनीति सेवा हो, घरिवार चलाउन त पेसा अँगाल्नै पर्‍यो, आफूले गरेको पेसाले पुर्ख्यौली पेसाको संरक्षण र कृषि उत्पादनमा टेवा पुर्‍याओस् भन्ने चाहनाले आरन खोलेको हुँ,' उनले भने । आरनबाटै भएको आम्दानीले एक छोरालाई कक्षा १२ सम्म र अर्को छोरालाई स्नातक तहको पठनपाठन गराउन सम्भव भएको उनले बताए । घरायसी कृषि र आरनबाटै विश्वकर्माको बुवा-आमा, दुई छोरा र श्रीमतीसहित छ जनाको परिवारको जीविकोपार्जन हुँदै आएको छ ।

आरनमा आवश्यक पर्ने कोइला स्थानीय सामुदायिक वनमा निश्चित शुल्क तिरेर तयार गर्दै आएको उद्योगले जनाएको छ । आरनमा मुख्य चुनौती भनेको उत्पादन भएका कृषिजन्य सामग्री र औजारको बजारीकरणमा देखिएको छ । बाहिरबाट आयात गरिएका सामग्रीको मूल्य सस्तो पर्ने र आफ्नो उद्योगमा बनाइएको सामग्री टिकाउ र भरपर्दो बनाउँदा लागत बढी लाग्ने भएकाले बाहिरबाट आउने कमसल र सस्तो मूल्यका सामग्रीसँग प्रतिस्पर्धा गर्न कठिनाइ हुने गरेको उनको अनुभव छ ।

परम्परागत सीपको उपयोग हुने आरन पेसा हराएर जाने अवस्थामा पुगेपछि त्यसको संरक्षणमासमेत टेवा पुगोस् भन्ने उद्देश्यले अरु पेसा व्यवसायको विकल्प हुँदाहुँदै आरनमा लागेको विश्वकर्माले बताए । जनप्रिय माध्यमिक विद्यालयमा अध्ययन गर्दा १४ वर्षको उमेरमा नै अनेरास्ववियू छैटौंको प्रारम्भिक कमिटीमा आबद्ध भएर राजनीतिमा होमिनुभएका उनले सात वर्षदेखि जनमोर्चाको जिल्ला नेतृत्व सम्हालेका छन् । नेता विश्वकर्मा जिल्लामा शालिन र सरल नेताको रूपमा परिचित छन् । *रासस*

# स्थानीय कला संस्कृतिले तान्यो विदेशी चित्रकारलाई



**खोटाङ-** 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्लेन एयर कार्यशाला तथा प्रदर्शनी-२०८०' कार्यक्रममा सहभागी हुन खोटाङ आएका १४ देशका चित्रकार स्थानीय कला तथा संस्कृति अवलोकन गरिरहेका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका र धनु आर्ट स्टुडियो काठमाडौंले आयोजना गरेको उक्त प्रदर्शनीमा नेपालसहित अस्ट्रेलिया, बंगलादेश, भुटान, चीन, जापान, इजिप्ट, भारत, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामका चित्रकार सहभागी भएका छन् ।

स्वदेश तथा विदेशका चित्रकार आउने भएपछि बिहीबार दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१२ जालपाका स्थानीयवासीले दैनिक जनजीवनमा प्रयोग भइरहेका पुराना घरेलु सामग्रीलाई प्रदर्शनीमा राखेका थिए । चित्रकारलाई अवलोकन गराउन ध्वाँसो लागेका हर्पे, ठेका, दाविलो, डोको, नाङलो, ओख्ली, लोहोरो, जाल, ढडिया, फुर्लुङ, मुढा, कोक्रो, कुचो, डोको, थुञ्चे, तोलङ, ओख्ली, नाङलो, दाप, मान्द्रो, फिपी, घुर्रा, मदानी, ठेका, हर्पे, काठे गिलास, हलो, जुवा, हल्लुड, सोइला, कुटो, कोदालो, फिर्के, दाबिलो, खरेटो, चिम्टा, पन्यु, हँसिया, कचिया, सिलौटा, लोहोरो, कर्द, काठको चम्चालगायतका घरायसी सामग्रीको नाम लेखेर पंक्तिबद्धरूपमा एउटा कोठामा राखिएको थियो ।

स्थानीयवासी इमान राईको अगुवाइमा विदेशी पहुनालाई नेपाली जनजीवनका बारेमा जानकारी दिलाउने उद्देश्यले ती सामग्री संकलन गरेर प्रदर्शनीमा राख्ने व्यवस्था मिलाइएको थियो । यही असोज १७ देखि २१ गतेसम्म हुने चित्रकला प्लेन एयर कार्यशाला तथा प्रदर्शनीका लागि दिक्तेल आइपुगेका २० विदेशी र १७ स्वदेशी चित्रकारलाई बिहीबार जापलामा स्थानीय कला तथा संस्कृतिसम्बन्धी सामग्री प्रदर्शन गरिएको राईले बताए ।

स्वदेशी तथा विदेशी चित्रकारले पुराना घरेलु सामग्री, स्थानीय कला तथा संस्कृतिलाई निकै रुचिपूर्वक अवलोकन गरेका वडाध्यक्ष दानबहादुर राईले बताए । उनका अनुसार यहाँ आएका चित्रकारलाई जालपामा किराँत समुदायको साकेला, नेवार समुदायको लाखे, खसआर्य समुदायको सँगिनी र मारुनी नाचसमेत देखाइएको थियो ।

जालपा माविका छात्रछात्राले नृत्य प्रस्तुत गरेर पहुनालाई मनोरञ्जन दिलाएका वडाध्यक्ष राईले बताए । विशेषगरी विदेशी चित्रकारलाई जालपाको भौगोलिक, सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा निवर्तमान वडाध्यक्ष विकास राईले नेपाली र अंग्रेजमा जानकारी दिएका उनको भनाइ थियो ।

'कार्यक्रमको कार्यतालिकाअनुसार यहाँ आएका अतिथिलाई वडापन्छी घोषणा गरिएको लाटोकोसेरोको प्रतिमा अवलोकन गराइएको थियो,' वडाध्यक्ष राईले भने, 'स्थानीयवासीले आयोजना गरेको विभिन्न कार्यक्रममा चित्रकारहरूले क्यान्भासमा लाइभ पेन्टिङ गरेर चित्र तयार पारेका थिए ।'

जालपाबाट फर्किएका चित्रकारले दिक्तेलको कर्म मन्दिरमा बालन र संगिनी नाच अवलोकन गर्नुका साथै खानीडाँडा विमानस्थल पुगेर त्यहाँको दृश्यावलोकन तथा नेवारी झाँकी एवं माटोको भाँडाकुँडा निर्माणसम्बन्धी कला अवलोकन गराइएको आयोजकले जनाएको छ ।

अतिथिलाई देखाउनकै लागि गएराति दिक्तेलस्थित शुभम् फाउन्डेसनमा धामी/झाँक्री बसाइएको थियो । पाँचदिने कार्यक्रमको कार्यतालिका अनुसार शुक्रबार दिक्तेलको विभिन्न सात स्थानमा क्यानभास पेन्टिङ कार्यक्रमको तयारी गरिएको स्थानीय कार्यक्रम संयोजक ओजोनबाबु आचार्यले जानकारी दिए ।

उनका अनुसार चित्रकला कार्यशाला तथा प्रदर्शनी कार्यक्रमका लागि जिल्लास्थित १० वटै स्थानीय तहका धार्मिक, सांस्कृतिक तथा पर्यटकीयस्थलका तस्बिरहरू संकलन गरिएका छन् । सोही तस्बिर तथा प्रत्यक्ष अवलोकनका आधारमा चित्रकारले उतारेको चित्रमार्फत जिल्लाको धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको विकास गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको आचार्यले बताए ।

उक्त प्रदर्शनीका लागि नगरपालिकाको १८ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको जनाउँदै नगरप्रमुख तीर्थराज भट्टराईले लाइभ चित्रकला प्रदर्शनीको अवधिमा स्वदेश तथा विदेशका कलाकारले करिब १०० को हाराहारीमा क्यानभास पेन्टिङ तयार पार्ने जानकारी दिए । उक्त प्रदर्शनीले खोटाङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थानहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित गराउनुका साथै ती स्थानको महत्त्व, संस्कृति, सभ्यता, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा टेवा पुर्‍याउने उनले दाबी गरे ।

नगरप्रमुख भट्टराईका अनुसार चित्रकारले उतारेका पेन्टिङलाई राखेर यही असोज २० गते दिक्तेलस्थित माटिकोरे खेलमैदानमा चित्रकला प्रदर्शनीसहित स्थानीय परिकारका स्टल, सांस्कृतिक झाँकी र नृत्य प्रदर्शन गर्ने तयारी गरिएको छ । कलाकारले उतारेका लाइभ चित्रकलालाई केही महिनापछि काठमाडौंस्थित आर्ट ग्यालरीमा लगेर प्रदर्शनी गर्ने योजना बनाइएको आयोजकले जनाएको छ ।

गत चैत १९ गते बसेको नगर कार्यपालिकाको बैठकले प्रत्यक्ष चित्रकला कार्यशाला एवं प्रदर्शनी गर्ने निर्णय गरेको थियो । जिल्लाका छात्रछात्रालाई समेत सहभागी गराइने उक्त प्रदर्शनी कार्यक्रमको समापनमा चर्चित गायक राजशेपायल राईको उपस्थिति रहने आयोजकले जनाएको छ । *रासस*

# सीमानाकामा 'स्थायी प्लान्ट क्वारेन्टिन' सञ्चालनको पहल

**कैलाली (प्रस)-** सुदूरपश्चिम प्रदेश सरकारले त्रिनगर भन्सार सीमानाकामा 'स्थायी प्लान्ट क्वारेन्टिन' कार्यालय सञ्चालनका लागि पहल गर्ने जनाएको छ । त्रिनगर नाकामा रहेको प्लान्ट क्वारेन्टिन कार्यालय दुई महिनादेखि बन्द हुँदा धेरै व्यवसायीले समस्या झेलिरहेकाले त्यसको सहजताका लागि प्रदेश सरकारले संघीय सरकारसँग पहल गर्ने भएको हो ।

त्रिनगर भन्सार नाकाबाट कृषि उत्पादन आयात तथा निर्यात रोकिँदा आम उपभोक्ताले महँगी झेल्नु परेको प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामीले बताए । उनले प्रदेश सरकारले स्थायी प्लान्ट क्वारेन्टिन कार्यालय सञ्चालनका लागि संघीय सरकारलाई अनुरोध गर्ने जानकारी दिए ।

मन्त्री धामीका अनुसार दुई महिनादेखि उक्त कार्यालय बन्द हुँदा कृषिजन्य पदार्थ आयात/निर्यात पूर्ण रूपमा ठप्प भएकाले व्यापार व्यवसायमा ह्रास हुनाका साथै राजस्व संकलनसमेत प्रभावित भएको छ । त्रिनगर नाका सुदूरपश्चिमको मूल व्यापारीक नाका भएकाले कैलाली भन्सार कार्यालयमा क्वारेन्टिनको स्थायी कार्यालय सञ्चालनको माग गर्ने उनको भनाइ थियो ।

उक्त कार्यालय स्थापनाका लागि मन्त्रालयले लिखित रूपमा संघीय सरकारलाई पत्राचार गरिसकेको मन्त्री धामीले जानकारी दिए । उनले प्रदेशभरिको आपूर्ति व्यवस्था मिलाउन त्रिनगर भन्सार नाकालाई स्थायी बनाउन पहल गरिने बताए ।

त्रिनगर नाका पछिल्लो समय मालसामान आयात-निर्यातका लागि मुख्य नाकाका रूपमा प्रयोग भइरहेकाले संघीय सरकारले यसको स्तरोन्नति गर्नुका साथै स्थायी क्वारेन्टिन कार्यालयको सञ्चालन गर्नुपर्ने कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुवँरले बताए । उनले कार्यालय बन्द भएपछि प्रदेशको राजस्व घटिरहेको बताउँदै छिटोभन्दा छिटो क्वारेन्टिन कार्यालय सञ्चालन गरिनुपर्नेमा जोड दिए । उक्त नाकाबाट आयात रोकिँदा नेपालगञ्जबाट व्यापारीले सामान ल्याउन बाध्य भएकाले यहाँ पनि महँगी बढ्दै गएको व्यवसायीको भनाइ थियो ।

प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले संघीय सरकारसँग सबै खाले विषादी परीक्षण गर्नसक्ने प्रयोगशालासहितको स्थायी प्लान्ट क्वारेन्टिन कार्यालय सञ्चालन गर्न माग गरेको जनाएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED HUSEIN HEJAZI TRADING EST.

पूर्व स्वीकृति मिति : २०८०/०६/१९ | LT. No.293635 | चलानी नं. ६०२०८७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Worker | 3 | 0 | 1000 | ३५,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD VILLAGE RESTAURANTS TO SERVICE MEALS EST

पूर्व स्वीकृति मिति : २०८०/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ | LT. No. 287146 | चलानी नं. ६०२०२४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD MAKER | 4 | 0 | 1200 | ४२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIPLAST CO

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ | LT. No. 288982 | चलानी नं. ६०२०४२९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 3 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FU YUN FRUITS TRADING SND BHD

पूर्व स्वीकृति मिति २०८०/०६/१८ | LT. No. 293464 | चलानी नं. ६०२०८७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale & Retail Worker | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QUDS AL AHLIYA GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/१८ | LT No. 293620 | चलानी नं. ६०२०८७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 100 | 100 | 90 | ३८,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.**

Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN MOHAMMED BIN IBRAHIM AL-NASHIRI FOUNDATION FOR CAR SERVICES

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ | LT No.284818 | चलानी नं.६०२००२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 1 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH BIN MOHAMMED BIN IBRAHIM AL-NASHRI EST. FOR CAR SERVICES

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | LT No.293459 | चलानी नं.६०२०८६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 1 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ABDULRAZZAQ FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ | LT. No. 288035 | चलानी नं.६०२०३३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 0 | 85 | ३६२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 3 | 0 | 120 | ५१२३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

# प्रभाव दैनिक

शनिबार, २० असोज २०८० (Saturday, October 7, 2023)





## 'वानर सेना'को प्रिमियर

नेपाली चलचित्र 'वानर सेना'को प्रिमियर शो भएको छ। शुक्रबार काठमाडौँमा प्रिमियर शो भएको हो। चलचित्र 'वानर सेना' आजदेखि प्रदर्शनमा आएको छ। चलचित्रमा प्रेम र द्वन्द्वको मिश्रण छ। अर्पण गिरीले निर्देशन गरेको चलचित्रमा उनीसँगै आरजु प्रसाईं, किशोर खतिवडा, सुरवीर पण्डित, अर्जुन गुरूङ, किसनबाबु बस्नेत, राजन निरौला, सुनिता श्रेष्ठ, सुरेश साह, कमला विष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापा लगायतका कलाकारको अभिनय रहेको छ। चलचित्रको प्रिमियर शोपछि बोल्दै अभिनेता शोभित बस्नेतले सम्पूर्ण नेपाली चलचित्रलाई आफूले मन पराउने र नेपाली चलचित्रलाई साथ र सहयोग गर्न आवश्यक रहेको बताए।




# स्यास सेरोमनिसँगै आफूलाई निखार्दै मिसेस् नेपाल कल्चर प्रतियोगी



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिसेस् नेपाल कल्चर २०२३' का ३६ प्रतियोगी अहिले आफुलाई निखार्दै छन्। प्रतियोगीताको विजेता बन्दै शिर्ष उपाधि हात पार्न उनीहरू प्रशिक्षण मार्फत आफुलाई निखारी रहेका हुन्।

नेपाली समाजको गौरवशाली साँस्कृतिक पृष्ठभूमि र त्यसको महत्वलाई सवर्द्धन र प्रवर्द्धन गर्न योगदान दिने उदेश्यले युहान इन्टरनेसनलले गत बर्षदेखि यो प्रतियोगीताको थालनी गरेको हो। प्रतियोगीताको यो दोस्रो संस्करणका लागि तीनसय बढी आवेदनबाट बिभिन्न चरणको अडिसन माफैत ३६ प्रतियोगी अन्तिम चरणका लागि छानिएका हुन्।

यस्तैमा सबै प्रतियोगीलाई आयोजकले प्रतियोगीताको फाइनल प्रतिस्पर्धाका लागि आधिकारिकता प्रधान गर्न स्यास बितरण गरेको छ। कमलपोखरी स्थित सिटी सेन्टरमा रहेको टिटीएफसी फुड कोर्टमा आयोजित स्यास तथा प्रेस प्रेजेन्टेसन कार्यक्रम परिवारका सदस्यकै हातबाट स्यास बितरण गरिएको थियो।

विवाह अगाडि र विवाह पछाडि पारिवारिक परिवेश र जिम्मेवारी फरक भएपनि व्यक्तिको जीवनमा परिवारको भुमिका महत्वपूर्ण रहन्छ भन्ने मनन गराउन परिवारको हातबाट स्यास बितरण गरिएको आयोजक युहान इन्टर नेसनलका सानु खानले बताए।

नेपाल साँस्कृतिक संस्थानका महाप्रबन्धक अशोक प्यासी राईको समेत उपस्थिती कार्यक्रममा रहेको थियो। स्यास सेरोमोनीलाई ग्ल्यामराइज भन्दा पारिवारिक परिवेशको छनक दिँदै पारिवारिक सम्बन्ध गरिमा बढाउने तरिकाले गरिएको थियो। स्यास सेरोमोनी पश्चात् प्रत्येक सहभागीले प्रेस प्रेजेन्टेसन गरेका थिए।

युहान इन्टरनेसनलको ब्यानरमा सानु खान ईभेन्ट व्यवस्थापक रहेको कार्यक्रमको फाइनल कार्तिक १ जमलस्थित राष्ट्रिय नाँचघरमा आयोजना हुनेछ। प्रतियोगिताको कोरियोग्राफी संचारकर्मी एवं फेसन कोरियोग्राफर रोजिन शाक्य रहेका छन् भने ब्राण्ड एम्बेसडर प्रथम मिस नेपाल रुबी राणा शाह रहेकी छन्।

# 'परदेशी २'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** दशैंको छेको पारेर प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'परदेशी २'को ट्रेलर सार्वजनिक गरिएको छ। असोज २६ गते (आउँदो शुक्रवार)बाट प्रदर्शनमा आउने चलचित्रको आज अफिसियल ट्रेलर युट्युबमार्फत सार्वजनिक गरिएको हो। नारायण रायमाझी निर्देशित चलचित्रको ट्रेलरमा अध्ययनका लागि युवाको विदेश यात्रा र त्यसले सिर्जना गर्ने पारिवारिक एवं सामाजिक संवेदनालाई देखाइएको छ। प्रेम, विछोड, उमंग, द्वन्द्व सबै पक्षको समीश्रण ट्रेलरमा पाइन्छ। गीतसंगीत पक्षलाई पनि ट्रेलरमा विशेष स्पेश दिइएको छ।

'परदेशी २' गायनमा स्थापित प्रकाश सपूतको डेब्यु र शीर्ष भूमिका रहेको चलचित्र भएका कारण ट्रेलरमा उनलाई नै बढी 'स्क्रिन स्पेश' दिइएको छ। अभिनेत्रीद्धय केकी अधिकारी, वर्षा शिवाकोटीसँगै अभिनेताद्वय प्रशान्त तामाङ र दीलिप रायमाझीलाई पनि ट्रेलरमा देखाइएको छ।

'गोर्खा पल्टन'मा लाहुरेको भूमिकामा देखिएका अभिनेता प्रशान्त तामाङ यसपटक पनि सोही भूमिकामा छन्। दशैंको परिवेशलाई समेत चलचित्रले झल्काउने ट्रेलरबाट बुझ्न सकिन्छ। राजेश वंशल र निर्देशक रायमाझीको संयुक्त निर्माण रहेको चलचित्रमा प्रकाश, केकी, वर्षा, प्रशान्त र दीलिपका साथमा नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायतको समेत अभिनय छ।

रमेश बिजीले चलचित्रको कथा एवं पटकथा लेखेका हुन्। मानकृष्ण महर्जनको छायांकन, अष्ट महर्जनको द्वन्द्व, रामजी लामिछाने र गोविन्द राईको नृत्य निर्देशन रहेको चलचित्रलाई दीर्घ खड्काले सम्पादन गरेका हुन्। यसअघि 'गोर्खा पल्टन' र 'परदेशी' जस्ता सुपरहिट चलचित्र दिएका निर्देशक रायमाझीको 'परदेशी २' तेस्रो चलचित्र हो। चलचित्र उद्योग र दर्शक दुवैका लागि प्रतीक्षित मानिएको 'परदेशी २'ले बक्स अफिसमा राम्रो व्यापार गर्ने अपेक्षा गरिएको छ।

# न्युजिल्याण्डमा 'दसैं धमाका'

■ प्रभाव संवाददाता




**काठमाडौं –** दसैं नजिकिँदै जाँदा विदेशमा कार्यक्रम आयोजनाको रफ्तार बढ्न थालेको छ। यस्तैमा दसैंको अवसर पारेर न्युजिल्याण्डमा 'दसैं धमाका' नामक सांगीतिक कार्यक्रम हुने भएको छ। निकै कम मात्रामा नेपाली कार्यक्रम हुने देशमध्ये एक हो न्युजिल्याण्ड। न्युजिल्याण्डमा यसपटक गायक प्रमोद खरेल, मेलिना राई र हाँस्यव्यङ्ग्य कलाकार सुमन कार्कीले 'दसैं धमाका' मार्फत दर्शकहरूलाई मनोरञ्जन दिलाउने छन्। काठमाडौंमा एक कार्यक्रम गर्दै 'लाखे इभेन्ट' ले न्युजिल्याण्ड कार्यक्रमको विभिन्न पक्षबारे जानकारी दिएको छ। कार्यक्रममा इन्फोमेटिक कन्सल्टेन्सी पुतलीसडकको समेत सहकार्य रहेको छ।

गायक प्रमोद खरेलले न्युजिल्याण्ड कार्यक्रमका लागि आफू पहिलोपटक जान लागेको बताए। एडमन्ड हिलारीको देशको रूपमा चिनिएको देश न्युजिल्याण्डमा जान आफू उत्साहित रहेको धारणा उनको थियो।

हाँस्यकलाकार सुमन कार्कीले घर परिवारसँग यसपालि दसैं मनाउन नपाउने भएता पनि दर्शकसँग भने सेलिब्रेसन गर्ने बताए। आयोजक इन्फोमेटिक कन्सल्टेन्सीका प्रमुख ज्ञानेन्द्रमान जोशीले न्युजिल्याण्डमा नेपाली कार्यक्रम निकै कम हुने भएता पनि लाखे इभेन्टले नियमित कार्यक्रम गर्ने हुँदा यस वर्षको दसैं विशेष कार्यक्रम सफल हुने विश्वास व्यक्त गरे। कार्यक्रम युजिल्याण्डका विभिन्न ४ वटा सहरमा हुने जोशीले जानकारी दिए।

## रंगशाला

### १९ औं एसियाली खेलकुद

# कबड्डीबाट नेपाललाई पहिलो पदक

■ प्रभाव संवाददाता



**काठमाडौं–** चीनको हाङझाउमा जारी १९औं एसियाली खेलकुदमा नेपालले पहिलो पदक प्राप्त गरेको छ। नेपालले महिला कबड्डीतर्फ कास्य पदक प्राप्त गरेको हो। महिला कबड्डीको सेमिफाइनलमा नेपाल भारतसित पराजित भएको छ। भारतसित पराजित भएसँगै नेपाल कास्य पदकमै सीमित भएको हो। केहीबेर अघि सम्पन्न सेमिफाइनल खेलमा भारतले नेपाललाई ६१-१७ अङ्कले पराजित गरेको हो।

नेपाल समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको हो। यस्तै भारत समूह 'ए' को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो। सेमिफाइनमा प्रवेश गरेसँगै नेपालले जारी एसियाली प्रतियोगितामा कम्तिमा कास्य पदक पक्का गरेको हो। कबड्डीमा सेमिफाइनल पुग्ने चारवटै टोलीले पदक प्राप्त गर्ने प्रावधान छ।

महिला कबड्डीतर्फ नेपालले पहिलोपटक एसियाली खेलकुदमा भाग लिएको हो। नेपाल रहेको समूह 'बी' मा इरान र बङ्गलादेश रहेका थिए। इरान समूह 'बी'को विजेताका रूपमा प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। इरानले अहिले समूह 'ए' को उपविजेता चाइनिज चाइपेईसित प्रतिस्पर्धा गर्दै छ।

यसअघि नेपालले पहिलो खेलमा सोमबार बङ्लादेशलाई ३७-२४ अङ्कले पराजित गरेको थियो भने दोस्रो खेलमा मङ्गलबार इरानसित १९-४३ अङ्कले पराजित भएको थियो। नेपाली टोलीमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमती विष्ट, जयन्ती बडु, सुनिता थापा, रबिना चौधरी, अनुजा कुलुङ राई, गङ्गा घिमिरे, नितु गुरुङ, इशा राई, अर्पणा चौधरी, सिर्जना थारु र कलावती पन्त रहेका थिए। टोलीका प्रशिक्षकमा विष्णुदत्त भट्ट रहेका थिए।

# काभा च्यालेन्ज खेल्ने भलिबल टिमको बिदाइ




■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल भलिबल संघले काभा पुरुष भलिबल च्यालेन्ज खेल्ने राष्ट्रिय भलिबल टिमको बिदाई गरेको छ। शुक्रबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेर संघले भीम ओली नेतृत्वको नेपाली भलिबल टिमको बिदाई गरेको हो। राखेपका निमित्त सदस्य सचिव प्रकाश कुसारीले नेपाली टिमको बिदाई गरेका थिए।

उनले श्रीलंकामा पदक जित्नका लागि नेपाली टिमलाई शुभकामना दिएका थिए। सरकारले नीजि क्षेत्रको लगानी खेलकुदमा ल्याउन पहल गरिरहेको बताउँदै निमित्त सदस्य सचिव कुसारीले एसियाडको नतिजाले नयाँ सिराबाट खेलकुदलाई अघि बढाउने अवस्थामा राखेप पुगेको उल्लेख गरे।

संघका अध्यक्ष जितेन्द्र बहादुर चन्दले निकै दुख गरेर राष्ट्रिय भलिबल टिमलाई अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी गराईएको उल्लेख गर्दै कोर्टमा रहदाँ जिम्मेवार भएर प्रर्दशन गर्न खेलाडीलाई शुभकामना दिए।

उनले भने, 'कहिले काही जितको नजिक पुगेर खेल गुमाउनु परेको छ। यस्तो हुदाँ पक्कैपनि पिडा हुन्छ। मानसिक रूपमा कमजोर भएर यस्तो भएको हो कि भन्ने लाग्छ। कोर्टमा रहदाँ खेलाडीले जिम्मेवारपूर्ण तरिकाले सोचेको खण्डमा नेपालले अन्तराष्ट्रिय पदक हासिल गर्न सक्छ।'

नेपाली टिम उपाध्यक्ष भीम ओलीको नेतृत्वमा पर्सी आईतबार कोलम्बो प्रस्थान गर्नेछ। हान अबिङ मुख्य प्रशिक्षक रहेको टिममा भरत यादव र भरत शाह सहायक प्रशिक्षक छन्। मानबहादुर श्रेष्ठको कप्तानी रहने नेपाली टिममा धिरज बस्नेत, बिनोद चन्द, रविन चन्द, सफल बिके, विशाल बिके, सम्राट भण्डारी, टेकराज अवस्थी, धुव्रबहादुर खड्का, मनिष मानन्धर, हेमन्तबहादुर मल्ल रहेका छन्।

# विश्वकप छनोटको तयारी अन्तिम चरणमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा)ले विश्वकप छनोटको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। नेपालले विश्वकप छनोटको राउण्ड एकमा असोज २५ गते लावसविरुद्ध दशरथ रंगशालामा खेल्दैछ। एन्फाले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरेर तयारी अन्तिम चरणमा पुगेको र खेलको प्रत्यक्ष प्रसारणको टुङ्गो केही दिनमा लाग्ने जनाएको हो।

एन्फाले खेलको कमर्सियल र मिडिया अधिकार सिंगापुरस्थित स्पोटफाइफलाई प्रदान गरिसकेको छ। खेलको टिकट दर समेत एन्फाले निर्धारित गरिसकेको छ। आफैले व्यवस्थापन गर्ने गरि टिकटको साधारण पारापिटको ३ सय भिआईपी पारापिटको ५ सय रूपैयाँ टिकट दर कायम गरिएको छ।

प्रतियोगिता संयोजक तथा एन्फा उपाध्यक्ष दिपक खतिवडाले लावसको टिम अक्टोबर ९ मा नेपाल आईपुग्ने र प्रशिक्षणको लागि च्यासल मैदानको ब्यवस्था गरिएको जानकारी दिए। उनले प्रतियोगिताको अनुमानित बजेट ७३ लाख ६८ हजार ४ सय रूपैयाँ रहेको बताए। प्रतियोगिताको तयारीका लागि मुख्य प्रशिक्षक भिसेन्जो अल्बटो एनेसको नेतृत्वमा २५ सदस्यीय नेपाली टिम बन्द प्रशिक्षणमा रहेको छ।

# एसियाली खेलकुद: क्रिकेट फाइनलमा भारत

**हाङझाउ (एजेन्सी)** बंगलादेशलाई ९ विकेटले हराउँदै भारत चीनमा जारी एसियाली खेलकुदको पुरुष क्रिकेटको फाइनलमा प्रवेश गरेको छ। बंगलादेशले प्रस्तुत गरेको ९७ रनको न्यून लक्ष्य भारतले ९.२ ओभरमा मात्र एक विकेटको पछ्याएको हो। भारतको सुरुवात भने राम्रो भएन। यशस्वी जैस्वाललाई भारतले पहिलो ओभरमा नै शून्य रनमा गुमाएको थियो। तर, त्यसपछि रुतुराज गैकवाडले २६ बलमा ४० तथा तिलक वर्माले समान बलमा ५५ रनको इनिङ्स खेलेपछि भारतले ६४ बल अगावै लक्ष्य भेट्यायो।

यसअघि शाई किशोरले ३ तथा वासिङ्टन सुन्दरले २ विकेट लिए पछि बंगलादेशले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा ९६ रन मात्र बनाएको थियो। बंगलादेशका लागि जाकल अलीले सर्वाधिक २४ तथा परभेज होसेन इमोनले २३ रनको योगदान दिए।

# जलविद्युत्‌मा 'ऐतिहासिक' विश्वव्यापी गिरावट

**बैंकक–** खडेरीले सन् २०२३ को पहिलो छ महिनामा जलविद्युत् उत्पादनमा 'ऐतिहासिक' विश्वव्यापी गिरावट आएको नयाँ अनुसन्धानले देखाएको छ । विशेषगरी यस्तो अवस्था चीनमा देखिएको भन्दै अनुसन्धानले जलवायु परिवर्तनका कारण यस्तो भएको बताएको छ ।

नवीकरणीय ऊर्जासम्बन्धी प्रबुद्ध समूह एम्बरले गरेको अनुसन्धानअनुसार जलविद्युत् उत्पादनको गिरावटले बिद्युतीय संक्रमणको गतिलाई नकारात्मक असर पार्न सक्ने चेतावनी दिएको बताएको छ ।

यस वर्षको जुनसम्ममा विश्वव्यापी जलविद्युत् उत्पादन ८.५ प्रतिशतले गिरावट भएको उल्लेख गरेको छ । यो पछिल्लो दुई दशकमा कुनै पनि पूर्ण वर्षमा भएको गिरावट भन्दा बढी हो । उक्त गिरावटको तीन चौथाइ चीनमा भएको गिरावटको परिणाम हो ।

बेइजिङको आपत्‌कालीन व्यवस्थापन मन्त्रालयका अनुसार सन् २०२२ को शरद र सन् २०२३ को गर्मीयामको बीचमा चीनमा सामान्य वर्षको तुलनामा उल्लेखनीयरूपमा कम पानी परेको थियो भने तापक्रम पनि उच्च भएको थियो । विश्वव्यापीरूपमा सौर्य ऊर्जा र वायु शक्ति १२ प्रतिशतले बढेको भए पनि जलविद्युत् उत्पादनमा भएको कमीले सन् २०२३ को पहिलो छ महिनामा कार्बन उत्सर्जन थोरैले वृद्धि भएको छ ।

विद्युत्‌को मागमा न्यून वृद्धिले अन्यथा हुनसक्ने अवस्थाभन्दा कार्बन उत्सर्जनमा हुने वृद्धिलाई कम राख्न सहयोग गरेको एम्बरले जारी बिहीबार जारी गरेको प्रतिवेदनमा भनिएको छ ।

तर, चीनमा जलविद्युत्‌को उत्पादनमा आएको कमीका कारण कार्बन उत्सर्जन झण्डै आठ प्रतिशतले बढेको छ । एम्बरले जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी र खडेरीको अवस्थाले यो वर्षको जलविद्युत् उत्पादनमा कमी आएको हुनसक्ने बताएको छ । उसले भविष्यका प्रभावहरूको गणना गर्न कठिन हुने चेतावनीसमेत दिएको छ ।

एम्बरले जलविद्युत् उत्पादनको सम्भावनामा जलवायु परिवर्तनको परिणामहरू भौगोलिक आधारमा भिन्न रहेको उल्लेख गरेको छ । 'वर्षाको ढाँचा र तीव्रतामा आएको परिवर्तनका साथै वाष्पीकरणमा भएको वृद्धिले क्षेत्रगत आधारमा जलविद्युत् उत्पादनमा सकारात्मक र नकारात्मक दुवैरूपमा असर गर्नेछ,' प्रतिवेदनमा भनिएको छ ।

मध्य अफ्रिका, भारत, मध्य एसिया र उत्तरी उच्च अक्षांश भएका केही क्षेत्रमा जलविद्युत् उत्पादन क्षमतामा वृद्धि देखिनसक्छ । तर, दक्षिणी युरोप, दक्षिणी अमेरिकी र अन्य स्थानमा जलविद्युत् उत्पादन कमजोर हुने सम्भावना छ ।

यस वर्षको राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (कोप) को बैठकमा कोपका प्रमुखले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा विश्वव्यापीरूपमा तीन गुणाले बढाउन आह्वान गरेका छन् ।

साथै, अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले गत महिना सन् २०३० सम्ममा जीवाश्म इन्धनको माग उच्च हुने प्रक्षेपण गरेको थियो । तर, गत वर्षको पहिलो छ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा वायु शक्ति र सौय ऊर्जाको उत्पादन अत्यन्त सुस्त गतिमा भएको छ जसले ऊर्जा क्षेत्रमा लाभको कमजोरीलाई प्रतिबिम्बित गरेको छ ।

'वायु र सौर्य ऊर्जाको उल्लेखनीय वृद्धि उत्साहजनक भए पनि जलवायु परिवर्तनका कारण जलविद्युत् उत्पादनमा देखिएको प्रतिकूलतालाई हामीले नजरअन्दाज गर्न सक्तैनौं,' एम्बरका वरिष्ठ विद्युत् विश्लेषक मालगोर्जटा वेट्रस-मोटिकाले भने, 'विश्व ऊर्जा क्षेत्र उत्सर्जनको उच्च अवस्थामा छ र यो दशकमा नवीकरणीय ऊर्जाको उत्पादन तीन गुणाले वृद्धि गर्न विश्वव्यापी सम्झौता गरेर हामीले जीवाश्म इन्धनको उत्पादनमा भएको तीव्र गिरावटलाई गति दिन आवश्यक छ ।' *रासस/एएफपी*

## इरानी महिला अधिकारकर्मी नर्गेसलाई नोबेल शान्ति पुरस्कार



**ओस्लो–** इरानमा महिलामाथिको दमनविरुद्ध लड्दै आएकी महिला अधिकारकर्मी नर्गेस मोहम्मादीलाई यस वर्षको नोबेल शान्ति पुरस्कार प्रदान गरिने भएको छ । हाल उनी इरानको जेलमा छन् ।

नर्वेली नोबेल कमिटीका अध्यक्ष बेरिट रेइस-एन्डर्सनले शुक्रबार उक्त पुरस्कारको घोषणा गरेका हुन् ।

पुरस्कारको रकम एक करोड १० लाख स्विडिस क्रोनर (करिब १० लाख अमेरिकी डलर) रहेको छ । डिसेम्बरमा नोबेल पुरस्कार प्रदान गर्दा उनलाई १८ क्यारेटको स्वर्ण पदक र डिप्लोमासमेत प्रदान गरिने छ । *रासस/एपी*

## सभामुखमा जिम जोर्डनलाई ट्रम्पको समर्थन

**वासिङ्टन–** अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले हाउस अफ रिप्रेजेन्टेटिभको सभामुख पदमा ओहायोका रिपब्लिकन सांसद जिम जोर्डनलाई आधिकारिकरूपमा समर्थन गरेका छन् ।

उनले हाउस जुडिसियरी कमिटीका अध्यक्ष तथा लामो समयदेखिका आफ्नो बचाउकर्ता जोर्डनलाई केभिन म्याककार्थीको उत्तराधिकारीका रूपमा समर्थन गरेका हुन् ।

'ओहायोको चौथो कंग्रेसनल डिस्ट्रिक्टको प्रतिनिधित्व गर्दै वासिङ्टन डिसीको सफल यात्रा सुरु गर्नुभन्दा धेरै अघिदेखि नै जिम जोर्डन स्टार हुनुहुन्थ्यो,' ट्रम्पले आफ्नो साइट ट्रुथ सोसलमा लेखेका छन्, 'उहाँ सदनको एक महान सभामुख हुनुहुनेछ र मेरो उहाँलाई पूर्ण समर्थन छ ।'

टेक्सासका रिपब्लिकन सांसद टोरी नेहल्सले बिहीबार राति जोर्डनको सभामुख पदको उम्मेदवारीलाई ट्रम्पले समर्थन गरेका बताएको केही घण्टापछि उक्त घोषणा आएको हो । *रासस/एपी*

## भारतको केन्द्रीय बैंकले ब्याजदरमा गरेन परिवर्तन

**मुम्बई–** भारतको केन्द्रीय बैंकले बढ्दो मुद्रास्फीतिका बाबजुद शुक्रबार ब्याजदरहरूमा कुनै परिवर्तन गरेको छैन । यसले अत्यधिक मनसुनका कारण उच्च खाद्यान्न मूल्यको प्रभावमा आधिकारिक चासोलाई बढाएको छ ।

भारतीय रिजर्व बैंक (आरबिआई)ले बढ्दो मूल्यलाई नियन्त्रण गर्न गत वर्ष रेपो दरलाई शृंखलाबद्ध वृद्धि गरेपछि फेब्रुअरीदेखि यसको दरलाई ६.५ प्रतिशतमा कायम राखेको छ ।

जुलाईमा ७.४ प्रतिशत रहेको मुद्रास्फीति अर्को महिना ६.८ प्रतिशतको मध्यमस्तरमा थियो तर यो अझै पनि आरबिआईको बेञ्चमार्कभन्दा धेरै माथि छ । 'केन्द्रीय बैंकले समष्टीगत आर्थिक स्थायित्व र दिगो विकासमा उच्च मुद्रास्फीतिलाई जोखिमका रूपमा लिएको थियो र यसलाई चार प्रतिशतको लक्ष्यमा ल्याउनका लागि दृढताका साथ ध्यान केन्द्रीत गरेको छ,' आरबिआईका गभर्नर शक्तिकान्त दासले भने ।

उत्पादन क्षेत्रहरूमा केही मात्रामा बाढी, उच्च तापक्रम र कीटजन्य हमलाका कारण हालैका महिनामा गहुँ, चामल र टमाटरसहितका खाद्यान्नको मूल्य बढेको छ । गत जुलाईमा भारतीय वित्तमन्त्री निर्मला सीतारमणले संसद्‌मा सर्वसाधारणलाई आक्रान्त बनाइरहेको उच्च मूल्यलाई नियन्त्रण गर्न सरकारले कदम चालेको बताएका थिए । सरकारले चामलको मूल्य घटाउन यसको निर्यातमा रोकसमेत लगाएको थियो ।

गभर्नर दासका अनुसार त्यसयता खाद्यान्न मूल्य केही घटेको भए पनि घरेलु बालीको उत्पादनमा आएको गिरावट र अस्थिर विश्वव्यापी खाद्यान्न तथा ऊर्जा मूल्यका कारण समग्र मुद्रास्फीतिको परिदृश्य अनिश्चितताले घेरिएको छ ।

युक्रेनमाथि रुसको आक्रमणका कारण विश्वव्यापी आर्थिक गिरावट हुँदा गत वर्ष भारतको मुद्रास्फीति ७.८ प्रतिशतको उच्चस्तरमा पुगेको थियो । रुस-युक्रेन द्वन्द्वका कारण खाद्यान्न र इन्धनको मूल्य बढेको थियो । विश्व बैंकले यसै साता सुदृढ घरेलु माग र लगानीले मुद्रास्फीतिलाई सहयोग गर्ने भन्दै भारत यो वर्ष सबैभन्दा तीव्ररूपमा वृद्धि हुने विश्वको अर्थतन्त्रहरूमध्येको एक हुने बताएको छ । *रासस/एएफपी*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ECOLITE BIOTECH MANUFACTURING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१९ | LT. No.272792 | चलानी नं. ६०१८८८६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० असोज २८ गते (15th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIX COMPANY READY MIX

पूर्व स्वीकृति मिति : २०८०/०६/१९ | LT. No. 293626 | चलानी नं.६०२०८७८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Passport Making Charge, Free Food and Accommodation | Free Transportation from Interview to Deployment!

नि:शुल्क राहदानी बनाइने शुल्क, नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना तथा आवास, नि:शुल्क यातायात सेवा

COMPANY: CE Technology Berhad
कम्पनी : सीई टेक्नोलोजी बर्हाड

Pre Approval Date : 2022/06/24 पूर्व स्वीकृति मिति : २०७९/०३/१० | Post Approval Date : 2023/10/06 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/१९ | LT. No.265574 एल टि न. २६५५७४ | Invoice No. 60181710 चलानी नं. ६०१८१७१०

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | फ्याक्ट्री वोर्कर | १५५ | ४५ | आधारभुत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष | १५०० | ४२,९०० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | दुई वर्ष |
| 1. | FACTORY WORKERS | 155 | 45 | Proficient in reading, writing & speaking basic English | 1500 | 42,900 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

B.Gas Foreign Employment Pvt.Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८०, असोज २७ गते हुनेछ ।

Venue For The Interview: The Office Of The Organization In Kathmandu on 14th October, 2023.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**Note: B.Gas Foreign Employment does not have any branch/meditiator/agent or sub-agent.**

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.** श्रम ईजाजत नं. १४५५/०७४/०७५

Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAITH ALRANEEN TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०६/१८ | LT. No.293619 | चलानी नं.: ६०२०७९७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 11 | 0 | 1200 | ४३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५४,२७० | | | | | | | |
| 3 | Electrician | 10 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 4 | Engineer | 1 | 0 | 2500 | ९०,४५० | | | | | | | |
| 5 | Helper | 20 | 0 | 1000 | ३६,१८० | | | | | | | |
| 6 | Mason | 20 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 7 | Pro | 1 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 8 | Reception | 0 | 1 | 1200 | ४३,४१५ | | | | | | | |
| 9 | Scaffolder | 10 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 10 | Secretary | 0 | 1 | 1500 | ५४,२७० | | | | | | | |
| 11 | Steel Fixer | 20 | 0 | 1200 | ४३,४१५ | | | | | | | |
| 12 | Supervisor | 1 | 0 | 1700 | ६१,५०५ | | | | | | | |
| 13 | Tea Girl | 0 | 1 | 1000 | ३६,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.**

P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4952910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०७३०० | प्रति तोला – १०६८०० | प्रति तोला – १३१० |

## ‘निजी क्षेत्रको सक्रियताविना आर्थिक विकास सम्भव छैन’

■ प्रभाव संवाददाता

**पाटन–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले निजी क्षेत्रको सक्रियता बिना आर्थिक विकास सम्भव छैन भन्ने धारणा राखेका छन् । शंखमूलस्थित यल दरबारमा शुक्रबार आयोजित ललितपुर उद्योग वाणिज्य सङ्घको ४४ औं वार्षिक साधारणसभामा उनले निजी क्षेत्रको सक्रियता भएको देशमा तीव्र आर्थिक विकास भएको धारणा राख्दै सरकार र निजी क्षेत्रले सहकार्य गरेर जानुको विकल्प नरहेको बताए ।

‘सामाजिक उत्तरदायित्वमा ललितपुर उद्योग वाणिज्य सङ्घले पुऱ्याएको योगदान र खेलेको भूमिकाको प्रशंसा गर्न चाहान्छु, निजी क्षेत्रको सक्रियता भएको देशमा तीव्र आर्थिक विकास भएको छ, निजी क्षेत्रको सक्रियता बिना आर्थिक विकास सम्भव छैन, सरकार र निजी क्षेत्र सहकार्य गरेर जानुको विकल्प छैन’, मन्त्री रिजाल भने ।

बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले औद्योगिक विकास र हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकारले आवश्यक काम गरिरहेको बताए । ‘हामीले औद्योगिक विकास र हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि महत्वपूर्ण काम गरिरहेका छौं, उपभोक्ताको अधिकारका लागि पनि कानुन निर्माणका क्रममा रहेको छ, हाम्रो मन्त्रालय सहकार्य गरेर उद्योग वाणिज्य क्षेत्रको प्रवर्द्धनमा लाग्ने छ’, प्रदेशमन्त्री चित्रकारले भने । उनले निजी क्षेत्रलाई बलियो र लगानीमैत्री बनाउने गरी वातावरण तयार गर्नका लागि प्रदेश सरकार नीतिगत तथा कानुनीरूपमा सहयोग गर्न तत्पर रहेको धारणा राखे ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य उदय शम्शेर राणाले औद्योगिक नीतिमा भएको दोहोरोपन र अनावश्यक करलाई हटाउनुपर्ने धारणा राखे । उनले अहिले नेपालको अर्थतन्त्रका बारेमा भएकोभन्दा बढी नकारात्मक प्रचारप्रसारका कारण समस्या बल्झिएको बताए । उद्योग व्यवसायीलाई सहज हुने गरी करको दर घटाएर करको दायरा बढाउनुपर्नेमा उनको जोड थियो ।

उद्योग वाणिज्य महासङ्घका नगर उपाध्यक्ष सुरकृष्ण वैद्यले सरकारले व्यवसायीलाई सहजरूपमा काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । उनले साना तथा घरेलु कार्यालयले गर्ने तालिम प्रभावकारी नभएको र लगानी खेर गइरहेको उल्लेख गर्दै तालिमका सन्दर्भमा उद्योग वाणिज्य महासङ्घसँग सहकार्य गर्न आग्रह गरे । उनले अहिलेको ब्याजदर बढी भएको भन्दै उद्योगी व्यवसायी ब्याज तिर्न नसक्ने अवस्थामा रहेको बताए ।

## नेपालको अर्थतन्त्रका आधार मानव पुँजी र प्राकृतिक स्रोत : एडिबी पूर्वअध्यक्ष

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसियाली विकास बैंक (एडिबी)का पूर्वअध्यक्ष हारुहिको कुरोदाले नेपालले आफ्नो मानव पुँजी परिचालन र प्राकृतिक स्रोतको भरपूर उपयोगमार्फत अर्थतन्त्रलाई सुदृढ बनाउन सक्ने बताएका छन् ।

जापानको केन्द्रीय बैंकका पूर्वगभर्नरसमेत रहेका कुरोदाले आज काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा नेपालले आर्थिक समृद्धिका लागि क्षेत्र पहिचान गर्न सक्नुपर्नेमा जोड दिए । नेपालको युवा जनशक्तिलाई प्राकृतिक स्रोतको उपयोगमार्फत गरिने उत्पादनका क्षेत्रसँग जोड्न सक्नुपर्ने उनको भनाइ छ ।

‘मानव पुँजी परिचालन, पानीलगायत प्राकृतिक स्रोत, वातावरणीय रूपमा वनजङ्गललगायत स्रोतको प्रयोगबाट नेपालले लाभ लिनसक्छ । यी क्षेत्रलाई अधिकतम प्रयोग गर्न नेपाल चुक्नुहुँदैन’, उनले भने । नेपालको युवा जनशक्तिलाई उत्पादनका विभिन्न क्षेत्रमा आबद्ध गराएर त्यसबाट लाभ लिन सक्नुपर्ने उनको सुझाव छ । अर्थतन्त्र विस्तारका लागि सडक, प्रसारण लाइन, सञ्चारलगायत पूर्वाधार सञ्जाल (कनेक्टिभिटी) निर्माणमा समेत कुरोदाले जोड दिए ।

अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा नेपालले कस्तो खालको रणनीतिक योजना बनाउनुपर्दछ ? भन्ने राससको प्रश्नमा कुरोदाले पूर्वाधार निर्माणमा जोड, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नागरिक पहुँच विस्तार, निजी क्षेत्रमार्फत लगानी प्रवर्द्धनलगायतका क्षेत्रमा नेपालले काम गर्नुपर्ने बताए । नेपालले सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नति भइसक्ने लक्ष्य राखेको छ ।त्यस्तै, नेपालको बढ्दो सार्वजनिक ऋणलाई नजरअन्दाज गर्न नहुने उनको भनाइ छ । सङ्कुचित आर्थिक वृद्धिदर, लगानीको न्यून प्रतिफल र कमजोर पुँजी निर्माणका कारण बढ्दो सार्वजनिक ऋण नेपालका लागि चुनौतीको विषय हुनसक्ने उनले औँल्याए ।

कूल गार्हस्थ्य उत्पादन (जिडिपी)को तुलनामा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र वार्षिक बजेटको ठूलो अंश सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गइरहँदा त्यसले दीर्घकालमा असर गर्ने कुरोदाले उल्लेख गरे । जापान जिडिपीको तुलनामा सार्वजनिक ऋण निकै बढी भएको मुलुकमा पर्दछ । तर त्यहाँको पुँजी निर्माण तथा लगानीको प्रतिफल र लगानीकर्ताले पाएको विश्वासको वातावरणका कारण ठूलो ऋणका बाबजुत पनि सार्वजनिक ऋण समस्याका रूपमा नरहेको उनको भनाइ छ ।

वित्तीय क्षेत्रका नियामकको जिम्मेवारीको विषय पनि उनले उठाए । नेपाल राष्ट्र बैंकले लिएको कसिलो मौद्रिक नीतिका कारण तरलता समस्या र न्यून कर्जा मागको अवस्था देखिएको हुनसक्ने उनको बुझाइ छ ।

कार्यक्रममा एडिबीका पूर्वउपाध्यक्ष डा विन्दुनाथ लोहनीले हरित अर्थतन्त्र नेपालको सम्भावना भएको क्षेत्रका रूपमा रहेको औँल्याए । विभिन्न विकास साझेदार र दातृ निकायमार्फत नेपालले हरित अर्थतन्त्रका लागि पहल गर्नसक्ने उनको भनाइ छ ।

### कर्पोरेट

## ज्योति विकास बैंकको क्युआर अडियो अलर्ट प्रविधि



**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले क्यूआर कोडमार्फत भएको भुक्तानीको जानकारी भ्वाइस मेसेजबाट तत्काल प्राप्त हुने नवीन प्रविधिमा आधारित ‘कोइली: क्यूआर अडियो अलर्ट डिभाइस’ सेवा ग्राहकवर्गकको लागि सार्वजनिक गरेको छ । बैंकले डिजिटल बैंकिङ्गलाई थप सरल, सहज र सुरक्षित बनाउने उद्देश्यका साथ बैंकको क्यूआर कोड भुक्तानी प्रणालीमा आबद्ध मर्चेन्ट र ग्राहकहरूलाई सहजता प्रदान गर्न यो सेवा सुचारु गरेको हो ।

यस सेवा अन्तर्गत क्यूआर अडियो अलर्ट डिभाइसमा रहेको क्यूआर कोडमार्फत कारोबार गरेपछि मर्चेन्ट तथा ग्राहकहरूले भुक्तानी सफलतापूर्वक भएको सूचना तत्काल भ्वाइस मेसेज मार्फत प्राप्त गर्नेछन् । यो सेवाले भुक्तानीको तत्काल प्रमाणीकरण गरि व्यवसायी तथा ग्राहकहरू बीच डिजिटल भुक्तानीमा विश्वसनीयता कायम गर्न मद्दत गर्ने विश्वास बैंकले लिएको छ । साथै यो प्रविधिले व्यवसायी तथा ग्राहकवर्गको मोबाईल फोनमा भुक्तानी प्राप्त गरेको मेसेजका निम्ति कुर्नुपर्ने समयको पनि बचत हुनेछ । बैंकले यो सेवा बिट्स क्राफ्ट प्रा.लि. सँगको सहकार्यमा ल्याएको हो ।

आफ्नो कारोबारको सरल र सुरक्षित व्यवस्थापनका लागि यो सेवा लिन चाहने व्यवसायीहरूले ज्योति विकास बैंकको सम्पूर्ण १२१ शाखाहरू मार्फत् तोकेको आवेदन दिई उक्त सुविधा प्राप्त गर्न सक्नेछन्। बैंकले देशका विभिन्न स्थानहरूमा व्यवसायीहरूलाई प्रदान गरेको त्तच ऋयमभ सेवाले आम ग्राहकलाई डिजिटल कारोबार गर्न प्रोत्साहन गर्नुका साथै डिजिटल बैंकिङ्गलाई थप प्रर्वद्धन गर्दै देशभरी क्यूआर कोड वितरण गर्ने र डिजिटल भुक्तानी सेवा विस्तारित गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएममार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

## हुन्डाईको ‘फेस्टिभ कार्निवल’ आजदेखि

**काठमाडौं (प्रस)–** हुन्डाई नेपालले आउँदै गेको चाडपर्व लक्षित गरी ल्याएको हुन्डाई फेस्टिभ डिलाइट अन्तर्गत ‘हुन्डाई फेस्टिभ कार्निवल’ आयोजना गर्ने भएको छ । हुन्डाईले आज अर्थात् १९ गतेदेखि देखि पर्सी आईतबार (२१ गते) सम्म देशभरका आफ्ना सबै शोरुमबाट उक्त कार्निवल सञ्चालन गर्ने भएको हो ।

उक्त अवसरमा ग्राहकहरूसँग प्रत्यक्ष भेटघाट गरी शुभ-कामना आदानप्रदान गर्दै विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाइने छ । कार्निवलमा हुण्डाईको सबै शोरुमहरूमा फरक-फरक कार्यक्रमहरू आयोजना गरिनेछ । लाइभ फुड स्टल, लाइप संगीत, किड्स प्ले जोन, गाडीसम्बन्धि आवश्यक विभिन्न टिप्स, निःशुल्क गाडीको परीक्षण तथा चेक जाँच, मूल्यांकन तथा एक्सचेन्ज सुविधा, ईभि गाडी सम्बन्धि विशेष जानकारी तथा अन्तरक्रिया कार्यक्रम, ईभि हाई भोल्टेज ब्याट्री चेकअप ,मोटोर र्‍याली जस्ता अरु विभिन्न कार्यक्रम संचालन हुने छन् ।

तिनदिने यस कार्निवललाई अझै रोचक र प्रतिस्पर्धी बनाउन हुण्डाई टिकटक प्रतियोगिता ‘एक्स्टर ट्रेजर हन्ट’, महिला चालक लक्षित विभिन्न कार्यक्रम समेत आयोजना गरिनेछ । उक्त कार्निवलमा आयोजना गरिएका प्रतियोगिताका बिजेतालाई बोस्च तथा ह्वीलपुलका वाशिङ




मसिन, माइक्रोवेव ओवन, मिक्सर ग्राइन्डरहरू पाउन सक्नेछन् ।

## कजारिया रमेश टाइल्सका लागि वित्तीय कन्सोर्टियम सम्झौता

**काठमाडौं (प्रस)–** कजारिया सेरामिक्स लिमिटेड र रमेश कर्प बीचको नेपालको सबैभन्दा ठूलो टाइल उत्पादन ५०:५० को संयुक्त लगानी कजारिया रमेश टाईल्स लिमिटेडले वित्तीय कन्सोर्टियम सम्झौताको सफलता पुर्वक समापन भएको घोषणा गरेको छ । कम्पनीले आफ्नो लगभग रु ४०० करोडको महत्वाकांक्षी परियोजनाको लागि रु ३०० करोडको पर्याप्त लगानी कोष सफलतापूर्वक प्राप्त गरेका छन् ।



यो सम्झौता एभरेष्ट बैंक लिमिटेडको नेतृत्वमा नबिल बैंक लिमिटेड, नेपाल एसबिआई बैंक लिमिटेड र प्रभु बैंक लिमिटेडलगायत अन्य तीन प्रमुख वित्तीय संस्थासँगको सहकार्यमा भएको थियो । यो सम्झौतामा रमेश कर्पका उपाध्यक्ष, रोहित गुप्ता र एभरेष्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले हस्ताक्षर गरेका थिए ।

यस कन्सोर्टियम सम्झौताको वित्तीय पक्षहरूलाई अन्तिम रूप दिने क्रममा, उहाँहरूले आफ्नो कारखानाको निर्माण कार्य द्रुत गतिमा अघि बढिरहेको जानकारी खुसीका साथ दिएका छन् । कजारियाका गुणस्तरीय उत्पदानहरू सबैका लागि लागि थप किफायती बनाउने लक्ष्य राखेका छन् ।

## नेपाल वायुसेवा निगम र निजी क्षेत्रका संस्थाबीच सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले निजी क्षेत्रका संस्थासँग सहकार्य गरी द्विपक्षीय लाभ हासिल गर्ने उद्देश्यले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको अध्यक्षता तथा सञ्चालक समिति सदस्य किशोर प्रधानको संयोजकत्वमा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल च्याम्बर अफ कमर्स र राष्ट्रिय व्यवसायिक पहल (नेशनल बिजनेस इनिसिएटिभ) गरी चारवटा संस्थाहरूसँग सम्झौता गरिएको छ ।

सम्झौतामा उक्त संस्थामा आवद्ध पदाधिकारी, सदस्यहरू, कर्मचारी र तिनका परिवारले यात्रा गर्दा निगमको जहाजबाट यात्रा गर्ने, उक्त संस्थाहरूले आयोजना गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा निगमको प्रवर्धन गर्नुपर्ने र निगमले भाडादरमा १५ प्रतिशत छुट दिने व्यवस्था भएको छ ।

सम्झौता पत्रमा निगमका तर्फबाट कार्यकारी अध्यक्ष युबराज अधिकारीले हस्ताक्षर गरे भने नेपाल उद्योग बाणिज्य महासंघका तर्फबाट एनवाईइएफका प्रथम उपाध्यक्ष कुशल सुन्दर श्रेष्ठ, नेपाल उद्योग परिसंघका तर्फबाट युवा उद्यमी मञ्च कोशी प्रदेशका अनमोल प्रधान, नेपाल च्याम्बर अफ कमर्सका तर्फबाट अध्यक्ष राजेन्द्र मल्ल र राष्ट्रिय व्यवसायिक पहल (नेशनल बिजनेस इनिसिएटिभ) का तर्फबाट अध्यक्ष कुशकुमार जोशीले हस्ताक्षर गरे ।

उक्त कार्यक्रममा निगमका सञ्चालक समिति सदस्यद्वय सुधिर शमसेर राई र अमृतमान श्रेष्ठको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा निगमका वाणिज्य विभाग निर्देशक टंकनिधि दाहालले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालक समिति सदस्य किशोर प्रधान र नेपाल उद्योग वाणिज्य महासंघका पूर्व बरिष्ठ उपाध्यक्ष भाष्कर राज राजकर्णिकारले कार्यक्रमको उद्देश्य र प्रभावकारिता माथि प्रकाश पारेका थिए ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।
- लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक